# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०८१/०८२



कर्णाली प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

# वार्षिक प्रगति पुस्तिका

आ.व.२०८१/०८२

कर्णाली प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

**प्रकाशक** : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

**प्रतिलिपी अधिकार** : २०८२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**फोटो सौजन्य**
**आवरण फोटो** : तेजेन्द्र रावल, वन अधिकृत (सातौ तह), डिभिजन वन कार्यालय, जुम्ला
**ब्याक कभर फोटो** : तेजेन्द्र रावल, वन अधिकृत (सातौ तह), डिभिजन वन कार्यालय, जुम्ला

**सम्पर्क ठेगाना** : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
फोन नं : ०८३४२१३८६, ५२५२८८
ईमेल : moitfe@karnali.gov.np
वेबसाइट : moitfe.karnali.gov.np

कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.सं. २०८१/०८२ च.नं.

## शुभकामना



नेपालको संविधान २०७२ को अनुसूची-४ बमोजिम कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन् । नेपालको कूल भू-भागको २१.६ % भू-भाग ओगटेको यस प्रदेशको कुल क्षेत्रफल ३०,२११ वर्ग कि.मि.रहेको छ । नेपालको संविधान २०७२ को अनुसूची-६ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल अधिकारको सूचीमा रहेको हुदाँ कर्णाली प्रदेशभित्रको राष्ट्रिय वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु, जैविक विविधता र पीरिस्थितिकिय प्रणालीको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउँने लक्ष्यका साथ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको स्थापना वि.स.२०७४ फाल्गुण ३ गते भएको हो ।

कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयको ६६ वटा कार्यविवरण रहेको छ । यस मन्त्रालयले आफ्नो जिम्मेवारीमा परेका कार्यक्षेत्र सम्बन्धी आधार दस्तावेजको रुपमा मन्त्रालयको वार्षिक प्रगति पुस्तिका तयार गरेको छ । यसै सन्दर्भमा यस मन्त्रालय र मातहतका निकायहरुले उपलब्ध आफ्नो निश्चित श्रोत, साधन र जनशक्तिलाई उपयोग गरी आ.व.२०८१/०८२ मा मेहनतका साथ उत्कृष्ठ कार्यसम्पादन हासिल गरी समष्टिगत वित्तिय प्रगति ७२.६३ % हासिल गरेको हुँदा सबै कार्यालय प्रमुख लगायत सबै कर्मचारी साथीहरुलाई हार्दिक बधाईका साथ धन्यवाद दिन चाहन्छु । यस प्रदेशको वन एवं जैविक विविधताको अवस्थाका साथै आ.व.२०८१/०८२ यस मन्त्रालय र मातहतका नियकाहरुले सम्पादन गरेका क्रियाकलापहरुलाई समेटी तयार पारिएको वार्षिक प्रगति पुस्तिका सम्बन्धित सरोकारवालाहरुलाई सहयोगी हुनुका साथै दस्तावेजको रुपमा रहने विश्वास मैले ठानेको छु । यस मन्त्रालय र मातहतका निकायहरुले आ.व.२०८२/०८३ मा सम्पादित क्रियाकलापहरुलाई समेटी वार्षिक प्रगति पुस्तिका तयार गरी प्रकाशन गर्न आवश्यक जिम्मेवारी बहन गर्नुहुने प्रदेश सचिव लगायत जिम्मेवार कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

........................

**माननीय मन्त्री**

**सुरेश अधिकारी**

वीरेन्द्रनगर-७ ईत्राम, सुर्खेत । टेलिफोनः ०८३-५२१३८६, ५२५२८८
Email:a d.moitfe550@gmail.com web: http://www.moitfe.karnali.gov.np

# दुई शब्द



आर्थिक वर्ष २०८१/०८२ को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लिखित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित परिमाणात्मक एवम् विषयगत लक्ष्य के कति हासिल भए भन्ने जानकारी गराउने उद्देश्यले यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

कर्णाली प्रदेशमा वनक्षेत्रले ढाकेको भू-भाग २७.९३ % रहेको छ। यस प्रदेशमा व्यवस्थापनका हिसाबले समुदायमा आधारित वन व्यवस्थापन पद्धति सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र वन संरक्षण क्षेत्रको रुपमा समुदायलाई हस्तान्तरण गरी संरक्षण र व्यवस्थापन गरिएको छ भने यस बाहेकको वन सरकारद्धारा व्यवस्थित वनको रुपमा पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी डिभिजन वन कार्यालयले व्यवस्थापन गर्दै आईरहेको छ। उचाइ र धरातलिय विविधताका कारण कर्णाली प्रदेशमा विविधतायुक्त हावापानी, जीवजन्तु र वनस्पति पाइन्छन्। कर्णाली प्रदेशमा रारा राष्ट्रिय निकुञ्ज र से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज गरी दुई वटा राष्ट्रिय निकुञ्ज र बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको केही भाग समेत गरी ४ वटा मध्यवर्ती क्षेत्र यस प्रदेशमा पर्दछन्। कर्णाली प्रदेशको भू-भागको १७.२३ % भू-भाग संरक्षित क्षेत्रले (बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र बाहेक) ओगटेको छ। नेपालका ४ बहृत नदि प्रणाली मध्ये कर्णाली नदि प्रणाली एक हो। यस नदि प्रणालीले ४१,३६० वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। यस नदि प्रणालीमा मुख्य कर्णाली नदि र भेरी नदि गरी दुई नदि प्रणाली रहेका छन्। कर्णाली नदि प्रणालीमा २७ र भेरी नदि प्रणालीमा ३० गरी कुल जम्मा ५७ जलाधार रहेका छन्। यस आ.व. २०८१/०८२ मा उद्योगतर्फ लघु १७१, घरेलु १४ र साना १२३७ वटा र ७०२ वटा वाणिज्य उद्योग दर्ता भएका छन्।

यस आ.व.२०८१/०८२ मा मन्त्रालय र मातहतका नियकायहरुमा चालुतर्फ ८१.९६ % र पुँजीगत तर्फ ६५.६२ % गरी कुल जम्मा ७२.६३ % वार्षिक प्रगति हासिल गरिएको छ। साथै मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रममा रु. ५ करोड विनियोजना भएकोमा रु.३,०६,३५,१२९ खर्च गरी ६३ % वित्तिय प्रगति हासिल भएको छ। आ.व.२०८१/०८२ मा वनतर्फ रु. १०,५८,५६,५६७.७ र उद्योगतर्फ रु.२,१०,४२,०९९.४ गरी कुल जम्मा रु. १२,६८,९८,६६७.१ राजश्व संकलन भएको छ।

यस वार्षिक प्रगति प्रतिवेदनमा मन्त्रालय र अन्तर्गतका निकायहरुले आ.व.२०८१/०८२ मा सम्पादन गरेका कार्यक्रमहरुका साथै उपलब्धीहरु तथा अन्य सम्पादित विवरणहरु संक्षेपमा उल्लेख गरिएको छ। यस प्रतिवेदन वन, वातावरण, वनस्पति, वन्यजन्तु, जडिबुटी, उद्योग, पर्यटन, भू-संरक्षण, जलाधार लगायत सम्पूर्ण जैविक विविधताको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी जानकारी चाहनुहुने सरोकारवालाहरुलाई श्रोत पुस्तिकाको रुपमा उपयोगी हुने विश्वास लिएको छु। मन्त्रालय र मातहतका निकायहरुमा यस वर्ष सम्पादन गरिएका कार्यहरुमा विभिन्न माध्यमबाट सहयोग, समन्वय र सहकार्य गर्नुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति आभारी रहेको छु। आगामी दिनहरुमा समेत सबै क्षेत्रबाट यसै किसिमको निरन्तर सहयोग र सहकार्यको अपेक्षा गरिएको छ।

अन्त्यमा, यो प्रतिवेदन तयार गर्ने वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा प्रमुख डिभिजनल वन अधिकृत श्री दिपेश के.सी. का साथै आवश्यक सहयोग एवम् समन्वय गर्नुहुने प्रशासन, योजना तथा अनुगमन महाशाखा प्रमुख कल्पना खत्री र महेश नेपाली, विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा प्रमुख रमेश गिरी, वाणिज्य तथा आपूर्ति महाशाखा प्रमुख खिमानन्द अर्याल लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस वार्षिक प्रगति पुस्तिका तयारीमा सहयोग पुऱ्याउनुहुने मन्त्रालयका सबै कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

..........................

**शेर बहादुर श्रेष्ठ**

**का.मु. सचिव**

# भूमिका



नेपालको संविधान २०७२ को अनुसूची-६ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल अधिकारको सूचीमा रहेको हुदाँ कर्णाली प्रदेशभित्रको राष्ट्रिय वन, वातावरण, जडिबुटी, वन्यजन्तु, जलाधार, जैविक विविधता, पारिस्थितिकिय प्रणालीको संरक्षण, व्यवस्थापन र दिगो सदुपयोग गरी अर्थतन्त्रमा योगदान पुऱ्याउँने लक्ष्यका साथ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको स्थापना भएको हो । यस मन्त्रालय मातहत दुई वटा निर्देशनालय, एक वटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एघार डिभिजन वन कार्यालय, दुई वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय, नौ वटा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय गरी पच्चीस वटा निकाय रहेका छन् । मन्त्रालय र मातहतका निकायहरुले सम्पादन गरेका यस आ.व.२०८१/०८२ का कार्यक्रमहरु समेटी वार्षिक प्रगति पुस्तिका तयार गर्ने वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार यस मन्त्रालयको वन व्यवस्थापन तथा जैविक विविधता महाशाखाको पहलमा वार्षिक प्रगति पुस्तिका तयार गरिएको छ ।

यस प्रगति पुस्तिकामा पाँच भाग रहेका छन् । पहिलो भागमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको परिचय, दोस्रो भागमा कर्णाली प्रदेशको वन, वन्यजन्तु, वातावरण, जैविक विविधता, जलाधार र संरक्षित क्षेत्रको संक्षिप्त जानकारी, तेस्रो भागमा डिभिजन वन कार्यालयहरुले आ.व.२०८१ मा गरेका काठ दाउरा उत्पादन, जडिबुटी संकलन र निकासी, वन डढेलो र अतिक्रमणको अवस्था, राहत वितरण, बेरुजु र वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईको विवरण, चौथो भागमा मन्त्रालय र मातहतका निकायहरुको आ.व.२०८१/०८२ को वार्षिक भौतिक र वित्तिय प्रगति र पाँचौ भागमा मन्त्रालय र मातहतका निकायहरुले सम्पादन गरेका नमूना तस्बिरलाई समावेश गरिएको छ। यस आ.व. २०८१/०८२ मा उद्योगतर्फ लघु १७१, घरेलु १४ र साना १२३७ वटा र ७०२ वटा वाणिज्य उद्योग दर्ता भएका छन् ।

कर्णाली प्रदेश सरकार आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लिखित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरुले सम्पादन गरेका क्रियाकलापहरुलाई दस्ताबेजको रुपमा अभिलेखीकरण गर्नुपर्छ भनी यस प्रगति पुस्तिका प्रकाशन गर्न हौसला दिइरहनुहुने श्रीमान का.मु.सचिव शेर बहादुर श्रेष्ठ ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै यस प्रगति पुस्तिका तयारीको क्रममा तथ्याङ्क संकलन गरी सहयोग गर्नु हुने प्रशासन, योजना तथा अनुगमन महाशाखा प्रमुख कल्पना खत्री र महेश नेपाली, विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा प्रमुख रमेश गिरी, वाणिज्य तथा आपूर्ति महाशाखा प्रमुख खिमानन्द अर्याल, सबै शाखा प्रमुख लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस वार्षिक प्रगति पुस्तिका तयारीमा सहयोग पुऱ्याउनुहुने मन्त्रालयका सबै कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

.....................

**दिपेश के.सी.**
**डिभिजनल वन अधिकृत**
**प्रमुख, वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा**

# कार्यकारी साराशं

नेपालको संविधान २०७२ को अनुसूची-४ बमोजिम कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन् । नेपालको कूल भू-भागको २१.६ % भू-भाग ओगटेको यस प्रदेशको कुल क्षेत्रफल ३०,२११ वर्ग कि.मि. रहेको छ । यो प्रदेश धरातलिय उचाईका हिसाबले समुन्द्री सतहबाट १८० मिटर (कर्णाली र भेरी नदीको सँगमस्थल सुर्खेतको जामु कुइने) देखि ७,३४८ मिटर (डोल्पाको चुरेन हिमाल) को उचाइसम्म फैलिएको छ । नेपालको संविधान २०७२ को अनुसूची-६ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल अधिकारको सूचीमा रहेको हुदाँ सात वटै प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेको छ । कर्णाली प्रदेशमा प्रदेशभित्रको राष्ट्रिय वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु , जैविक विविधता र पाीरिस्थितिकिय प्रणालीको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउँने लक्ष्यका साथ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको स्थापना वि.स.२०७४ फाल्गुण ३ गते भएको हो । कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयको ६६ वटा कार्यविवरण रहेको छ ।

पछिल्लो तथ्याकंअनुसार कर्णाली प्रदेशमा वनक्षेत्रले ढाकेको भू-भाग २७.९३ % रहेको छ । यस प्रदेशमा समुदायमा आधारित वन व्यवस्थापन पद्धति सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र वन संरक्षण क्षेत्र रहेका छन् । आ.व.२०८१ को अन्त्यसम्ममा राष्ट्रिय वनको ३,६३,४५० हेक्टर वनक्षेत्र २८४३ उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा, ८८४३.८ हेक्टर वन क्षेत्र ७७५ उपभोक्ता समूहलाई गरिबको लागि कबुलियती वनको रुपमा, ११९.०९ हेक्टर वनक्षेत्र १६ वटा धार्मिक वन समूहलाई हस्तान्तरण गरिएको छ । काक्रेविहार वन संरक्षण क्षेत्र कर्णाली प्रदेशको एकमात्र वन संरक्षण क्षेत्र हो । जैविक विविधताको हिसाबले कर्णाली प्रदेश एकदमै महत्वपूर्ण मानिन्छ । उचाइ र धरातलिय विविधताका कारण कर्णाली प्रदेशमा विविधतायुक्त हावापानी, जीवजन्तु र वनस्पति पाइन्छन् । यस प्रदेशमा २५९१ प्रकारका फूलफूल्ने प्रजातिका वनस्पति, ४०० प्रकारका सुगन्धित वनस्पति तथा जडीबुटी र ८९ प्रकारका स्तनधारी वन्यजन्तु, ९ प्रकारका संवेदनशील वन्यजन्तु र ४१० प्रकारका पन्छीहरु पाईन्छन् । कर्णाली प्रदेशमा रारा राष्ट्रिय निकुञ्ज र से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज गरी दुई वटा राष्ट्रिय निकुञ्ज र बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको केही भाग समेत गरी ४ वटा मध्यवर्ती क्षेत्र यस प्रदेशमा पर्दछन् । कर्णाली प्रदेशको भू-भागको १७.२३ % भू-भाग संरक्षित क्षेत्रले (बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र बाहेक) ओगटेको छ । शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा मात्र २ सय २४ भन्दा बढी प्रकारका सुगन्धित वनस्पति र जडीबुटी पाइन्छन् भने २ सय ७० प्रजातिका पन्छी र १ सय ७५ प्रजातिका वन्यजन्तुहरु पाईन्छन् । नेपालका ४ बहृत नदि प्रणाली मध्ये कर्णाली नदि प्रणाली एक हो । यस नदि प्रणालीले ४१,३६० वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यस नदि प्रणालीमा मुख्य कर्णाली नदि र भेरी नदि गरी दुई नदि प्रणाली रहेका छन् । कर्णाली नदि प्रणालीमा २७ र भेरी नदि प्रणालीमा ३० गरी कुल जम्मा ५७ जलाधार रहेका छन् ।

यस आ.व.२०८१/०८२ मा मन्त्रालय र मातहतका नियकायहरुमा चालुतर्फ ८१.९६ % र पुँजीगत तर्फ ६५.६२ % गरी कुल जम्मा ७२.६३ % वार्षिक प्रगति हासिल गरिएको छ । साथै मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रममा रु. ५ करोड विनियोजन भएकोमा रु.३,०६,३५,१२९ खर्च गरी ६३ % वित्तिय प्रगति हासिल भएको छ । आ.व.२०८१/०८२ मा २,२४,१७३.८ क्यु.फि.काठ उत्पादन, ६४,९९,८२०.२० के.जी. खोटो संकलन र ३५,९३,७०६.३५ के.जी. जडिबुटी संकलन लगायत वनतर्फका अन्य शुल्कबाट रु. १०,५८,५६,५६७.७ राजश्व संकलन गरिएको छ । यसरी आ.व.२०८१/०८२ मा वनतर्फ रु. १०,५८,५६,५६७.७ र उद्योगतर्फ रु.२,१०,४२,०९९.४ गरी कुल जम्मा रु. १२,६८,९८,६६७.१ राजश्व संकलन भएको छ ।

यस आ.व. २०८१/०८२ मा २९.१ हे.अतिक्रमित वनक्षेत्र हटाइएको छ, स्थायी वन नर्सरीबाट ६,३६,९१४ बिरुवा उत्पादन गरिएको छ । साथै २,०४,६८८ बिरुवा १२७.९३ हे. क्षेत्रमा वृक्षारोपण गरिएको छ । आ.व.२०८१/०८२ मा ४४.७२ हे. वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईएको छ । विभिन्न विषयगत मन्त्रालयबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतिको लाीग माग भएका ५ वटा प्रतिवेदनलाई सहमति प्रदान गरिनुका साथै १९ वटा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा कार्यसूची (ToR) स्वीकृति भएको छ । त्यसैगरी उद्योगतर्फ, यस आ.व. २०८१/०८२ मा लघु १७१, घरेलु १४ र साना १२३७ ओटा उद्योग दर्ता र ७०२ ओटा वाणिज्य दर्ता भएका छन् । प्रदेश वन निर्देशनालयमार्फत कर्णाली प्रदेशस्थित काक्रेबिहार वन संरक्षण

क्षेत्रभित्र पहिलो वन्यजन्तु उद्धार केन्द्र स्थापना र Dart Gun समेत खरिद गरिएको छ। साथै यस आ.व.२०८१/०८२ को कार्यक्रम कार्यान्वयनबाट ११,५७,३७३ श्रमदिन र ३१७१ जना वर्षदिन रोजगारी सिर्जना भएको छ।

प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, सुर्खेत, भू तथा जलाधार व्यवस्थापन कार्यालय र डिभिजन वन कार्यालय, दैलेखको भवन निर्माण र कालिकोटको जनयुद्ध सङ्ग्रहालय पिलिको निर्माण कार्य सम्पन्न भएको छ। रुकुम पश्चिम्को खारा, कालिकोटको पचाँलझरना र त्रिवेणी पाटनको पर्यापर्यटकिय पूर्वाधार विकासको लागी समेत खर्च नहुने बजेटबाट बहुबर्षीय आयोजनामा रकम थप गरी कार्य सम्पन्नतर्फ उन्मुख रहेको छ। बुलबुले गुरुयोजना कार्यान्वयन, काक्रेबिहार वन संरक्षण क्षेत्र परिसर तथा विश्राम स्थल निर्माण र बराहताल सब डिभिजन वन कार्यालय, भेरीको श्रोत सुनिश्चिता गरिएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेतबाट वीरेन्द्रनगरको उत्तरी जलाधार क्षेत्रको गुरुयोजना निर्माण गरिएको छ। समुदायमा आधारित वन व्यवस्थापन पद्धति सामुदायिक वन उपभोक्ता समूहहरुको स्थायी लेखा नं प्राप्त गर्न अभियान संचालन गरिएको छ। हालसम्म उक्त कार्य करिब २५ % प्रगति हासिल भएको छ। मानव वन्यजन्तु द्धन्द्ध व्यवस्थापनमार्फत वन्यजन्तुबाट भएको मानविय क्षति, बाली क्षति र पशुधनको क्षतिबाफत आ.व.२०८१/०८२ मा १८३ पिडित व्यक्तिहरुलाई कुल जम्मा ३३,८०,५२४ राहत वितरण गरिएको छ।

# विषयसूची

भाग–१ १३

१. कर्णाली प्रदेशको संक्षिप्त चिनारी १३

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संक्षिप्त जानकारी १३

२.१ कार्यक्षेत्र १३

२.२ उद्देश्य १४

२.३ कार्यविवरण १५

२.४ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सङ्गठन संरचना १६

२.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको दरबन्दी तेरिज १८

२.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका निकाय १८

२.७ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नागरिक बडापत्र १९

२.८ मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाको कार्यविवरण २०

३. मन्त्रालयले हालसम्म तर्जुमामा गरिएका ऐन/नियमावली/कार्यविधि/निर्देशिका/मापदण्ड/कार्ययोजना/गरूयोजना ३२

भाग–२ ३५

२. कर्णाली प्रदेशमा वन, जैविक विविधता, जलाधार र संरक्षित क्षेत्र ३५

२.१ कर्णाली प्रदेशको भू-उपयोगको वितरण ३५

२.२ कर्णाली प्रदेशमा डिभिजन वन कार्यालयगत वनक्षेत्रको अवस्था ३६

२.३ कर्णाली प्रदेशमा स्थानीय तहगत वनको विवरण ३७

२.४ कर्णाली प्रदेशमा व्यवस्थापनको आधारमा वनको विवरण ३९

२.५ कर्णाली प्रदेशको जैविक विविधता ४२

२.६ कर्णाली प्रदेशका संरक्षित क्षेत्रहरू ४३

२.७ कर्णाली प्रदेशमा जलाधार क्षेत्र ४४

२.८ कर्णाली प्रदेशमा चरा पाईने महत्वपूर्ण क्षेत्र ४६

२.९ नयाँ पर्यटकीय गन्तब्यहरूको सूचीमा परेका कर्णाली प्रदेशका पर्यटन गन्तब्यहरू ४६

भाग–३ ४७

३. काठ, दाउरा, जडिबुटी, वन डढेलो, वन अतिक्रमण, राहत वितरण, बेरुजु, वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईएको विवरण ४७
३.१ वन विकास संरक्षण र उत्पादन सम्बन्धी आ.व २०८१ ।०८२ को बार्षिक प्रगती विवरण ४७
३.२ डिभिजन वन कार्यालयहरूबाट विभिन्न आ.व. मा काठ/दाउरा र जडिबुटी निकासी बाट संकलित राजश्व विवरण ४८
३.३ कर्णाली प्रदेशमा वन डढेलोको अवस्था ४९
३.४ कर्णाली प्रदेशमा जिल्लागत रूपमा वन डढेलोको अवस्था ४९
३.५ कर्णाली प्रदेशमा वन अतिक्रमणको अवस्था ५०
३.६ वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईएको हाल सम्मको विवरण ५१
३.७ राहत वितरणको अवस्था ५२
३.८ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेतबाट आ.व. २०८१/८२ मा स्विकृत भएका IEE, ToR/Report ५३
३.९ आ.व. २०८१/०८२ मा संचालन भएका पर्यटन पर्वद्धन/पर्यापर्यटन विकास पूर्वाधार कार्यक्रमहरूको संख्यात्मक बिवरण ५४
३.१० उद्योग दर्ताको समग्र अवस्था ५५
३.११ मन्त्रालय मातहतका निकायको आ.व. २०७९/०८० सम्मको बेरुजुको विवरण ५६

भाग–४ ५९

४. मन्त्रालय र मातहतका निकायहरूबाट संचालित क्रियाकलापहरूको प्रगति विवरण ५९
४.१ भौतिक तथा वित्तिय प्रगति ५९
४.२ प्रदेश श्रोततर्फको बजेट उपशिर्षक नम्बर अनुसारको प्रगति ५९
४.३ संघ शसर्त श्रोत तर्फको ब.उ.सि.नं.अनुसारको प्रगति ६१
४.४ बजेट तथा कार्यक्रम कार्यान्वयनको वनतर्फको डिभिजन वन कार्यालयगत प्रगति ६२
४.५ बजेट तथा कार्यक्रम कार्यान्वयनको उद्योगतर्फको कार्यालयगत प्रगति ६४
४.५ मन्त्रालयको स्थापनाकालदेखि हालसम्मको प्रगति विवरण ६५
४.६ हालसम्मको राजश्व संकलनको अवस्था प्रगति विवरण ६५

आ.व.२०८१/०८२ मा सम्पादित मुख्य मुख्य कार्यहरू ६८
असल अभ्यास ६९
सन्दर्भ सामग्री ८२

# भाग-१

## १. कर्णाली प्रदेशको संक्षिप्त चिनारी

नेपालको संविधानको अनुसूचि ४ बमोजिम कर्णाली प्रदेशमा रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेत गरी १० जिल्लाहरू रहेका छन् । यस प्रदेशको सिमाना उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र पूर्व तथा दक्षिणमा क्रमशः लुम्बिनी र गण्डकी प्रदेश तथा पश्चिममा सुदुरपश्चिम प्रदेशसंग जोडिएको छ ।

यस प्रदेशको कुल क्षेत्रफल ३०,२११ वर्ग कि. मि. रहेको छ। नेपालका सात प्रदेशमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो कर्णाली प्रदेश हो । नेपालको कुल भू-भागको २१.६% हिस्सा ओगटेको यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ स्थानीय तह रहेका छन् । यो प्रदेश समुद्री सतहबाट १८० मिटर (कर्णाली र भेरी नदीको सँगमस्थल सुर्खेतको जामु कुइने) देखि ७,३४८ मिटर (डोल्पाको चुरेन हिमाल) को उचाइसम्म फैलिएको छ। उत्तर-दक्षिण २५० कि.मि. र पूर्व-पश्चिम २६५ कि. मि. सम्म फैलिएको यो प्रदेशमा चुरे क्षेत्रमा उष्णदेखि हिमाली क्षेत्रमा चिसो लेकाली हावापानी पाइन्छ। हिउँद याम चिसो र आर्द्र तथा वर्षा याम न्यानो बढी हुने गर्दछ। वार्षिक करिब ८० प्रतिशत वर्षा जेठदेखि भदौ बिचको चार महिनामा हुने गर्दछ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ, जुन नेपालको कुल जनसङ्ख्याको ५.७९ प्रतिशत हो । नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेकोमा प्रदेशको जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ जहाँ लैङ्गिक अनुपात ९५.२७ रहेको छ। कुल ३ लाख ६६ हजार २५५ घरपरिवार रहेको यस प्रदेशमा औसत परिवारको आकार ४.६१ रहेको छ। नेपालको औसत जनघनत्व १९८ जना प्रतिवर्ग कि. मि. रहेकोमा यस प्रदेशको औसत जनघनत्व ६० जना रहेको छ। यस प्रदेशमा नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्या ५२.१ प्रतिशत र गाउँपालिकामा बसोबास गर्ने जनसङ्ख्या ४७.९ प्रतिशत रहेको छ।

## २. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संक्षिप्त जानकारी

प्रदेशलाई औद्योगिककरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजि, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यात जन्य पदार्थको उत्पादन गरी निर्यात गर्ने, लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट गरिबी न्यूनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउँदै वाणिज्य क्षेत्रलाई सबल तुल्याउँदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रबर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त साँस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतीमा टेवा पुऱ्याउँदै वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउँने लक्ष्यका साथ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना वि.स.२०७४ फाल्गुण ३ गते भएको हो ।

### २.१ कार्यक्षेत्र



## २.२ उद्देश्य

- वन, वातावरण भू तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमवाट वन क्षेत्र तथा खेतियोग्य भुमीको उत्पादकत्वमा वृद्धि गर्नु ।
- पर्यापर्यटन क्षेत्रको माध्यमवाट रोजगारिको श्रृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रदेशको आर्थिक विकास र समुन्नतीमा टेवा पुऱ्याउँनु ।
- पानी मुहान, जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्नु ।
- औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम, तर्जुमा गर्नु ।
- लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमवाट गरिबी न्युनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सवलीकरण गर्ने ।
- वाणीज्य क्षेत्रलाई सवल तुल्याउदै आन्तरिक, अन्तरप्रादेशिक व्यापारको सहजिकरण, प्रवर्द्धन र नियमन गर्ने ।

### वन

**सोच :** दिगो एवं वैज्ञानिक वन व्यवस्थापनबाट रोजगारी अभिवृद्धिका साथै वन पैदावारको निरन्तर आपूर्ति गर्ने ।

**नीति**

- विद्यमान वन क्षेत्र ३८.५७ प्रतिशत वन क्षेत्र कायम राख्ने ।
- वन पैदावारमा आधारित उद्योगहरूको वृद्धि गरी रोजगारीमा अभिवृद्धि गर्ने ।
- निजि तथा सार्बजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्र विस्तार गरी वन पैदावार आर्पूतिमा सहज गर्ने ।
- वन क्षेत्रमा पर्यापर्यटन अभिवृद्धि गर्ने ।
- महत्वपूर्ण तथा संवेदनशिल जलाधार क्षेत्रहरूको दिगो संरक्षण गर्ने ।

### वातावरण

**सोच :** नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउँने हकको प्रत्याभूति गर्नु ।

**नीति**

- वातावरण मैत्री योजना तथा कार्यान्वयन ।
- हरित अर्थतन्त्रको विकाश ।
- शहरी प्रदुषण रोकथाम ।
- वातावरण मैत्री तथा जलवायु परिवर्तन अनुकुलित पूर्वाधार विकासमा जोड दिने ।

### दिर्घकालिन सोच

### उद्योग

**सोच :** लघु, घरेलु उद्योगहरूको विकास तथा बिस्तारबाट रोजगारी अभिवृद्धि गरी कर्णाली प्रदेशको अर्थतन्त्र सुदृढ गर्ने ।

**नीति**

- कर्णाली प्रदेश मैत्री आवश्यक उद्योग तथा आपूर्ति नीति तथा कानूनको तर्जुमा गर्ने ।
- लगानी मैत्री वातावरण तयार गर्ने ।
- तुलनात्मक लाभको उद्योग व्यवसायहरूको पहिचान गरी प्रबर्द्धन गर्ने जस्तै जडिबुटी तथा पर्यटन ।
- उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने ।

### पर्यटन

**सोच :** संसारको गन्तब्य नेपाल, नेपालको गन्तब्य कर्णालीको विकास गरी पर्यटन मार्फत समृद्धि हासिल गर्ने ।

**नीति**

- कर्णाली प्रदेशलाई आकर्षक तथा सुरक्षित पर्यटकिय गन्तब्यको रूपमा विकास गर्ने ।
- गुणस्तरिय पर्यटकीय सेवा सुविधाको विस्तार गरी पर्यटकको बसाई लम्ब्याउने ।
- सामाजिक, साँस्कृतिक तथा वातावरण मैत्रि पर्यटनको विकास गर्ने ।
- कर्णाली प्रदेशमा साहसिक पर्यटनको विकास गर्ने ।

## २.३ कार्यविवरण

कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ को अनुसूची-२ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यजिम्मेवारी यसप्रकार रहेको छ।

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार/बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय। तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ३. | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५. | व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६. | खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्क, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय |
| ७. | भैगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८. | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | उद्योग दर्ता अनुमति नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | उपभोक्ताहरु अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| १५. | संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६. | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| १७. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन |
| १८. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन रनियमन |
| १९. | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २०. | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २१. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| २२. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २३. | संघीयकानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |
| २४. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| २६. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २७. | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापडण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| २८. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |
| २९. | श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| ३०. | श्रमशक्ति, श्रम बजार सम्वन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ३१. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ३२. | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |

| | |
|---|---|
| ३३. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| ३४. | पर्यटक प्रहरी व्यवस्थापन |
| ३५. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |
| ३६. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३७. | वन्यजन्तुर वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| ३८. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ३९. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| ४०. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ४१. | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, । तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन |
| ४२. | वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| ४३. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग |
| ४४. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन |
| ४५. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड |
| ४६. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |
| ४७. | प्रदेशभित्र भूस्खलन नियन्त्रण |
| ४८. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| ४९. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ५०. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना |
| ५१. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| ५२. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| ५३. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |
| ५४. | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |
| ५५. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन |
| ५६. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| ५७. | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन |
| ५८. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| ५९. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| ६०. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन |
| ६१. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ६२. | प्रदेशभित्रजडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ६३. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ६४. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र जनशक्ति सर्वेक्षण, विकास र उपयोग |
| ६५. | वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास |
| ६६. | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन। |

## २.४ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सङ्गठन संरचना

यस मन्त्रालयमा ५ महाशाखा र १४ शाखा रहेका छन् । प्रशासन, योजना तथा अनुगमन महाशाखा अन्तर्गत प्रशासन तथा योजना शाखा, आर्थिक प्रशासन शाखा र कानून तथा फैसला कार्यान्वयन शाखा गरी ३ शाखा, वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा अन्तर्गत वन व्यवस्थापन तथा उद्यम शाखा, वन्यजन्तु संरक्षण शाखा, भू तथा जलाधार शाखा र जैविक विविधता शाखा गरी ४ शाखा, विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा अन्तर्गत विज्ञान तथा सूचना प्रविधि शाखा, जलवायु परिवर्तन तथा जलवायु वित्त शाखा र वातावरण शाखा गरी ३ शाखा, वाणिज्य तथा आपूर्ति महाशाखा अन्तर्गत वाणिज्य शाखा र आपूर्ति शाखा गरी २ शाखा र औद्योगिक तथा पर्यटन प्रबर्द्धन महाशाखा अन्तर्गत औद्योगिक प्रबर्द्धन शाखा र पर्यटन विकास शाखा गरी २ शाखा रहेका छन् । सोही बमोजिमको मन्त्रालयको सांगठनिक संरचना तल प्रस्तुत गरिएको छ।

## कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संगठन संरचना

**मन्त्री**

- **निजि सचिवालय**
  अधिकृत (प्र.सा.प्र.)-१
  सहायक/अधिकृतस्तर, ५/६ (प्र./सा.प्र.)-१

**प्रदेश सचिव**
रा.प. प्र./वन/समुहकृत नहुने-१

- सहायक/अधिकृतस्तर, ५/६ (प्र./सा.प्र.)-१

### प्रशासन, योजना तथा अनुगमना महाशाखा

- **प्रशासन तथा योजना शाखा**
  अधिकृत, ७/८ तह (प्र./सा.प्र.),-१
  सहायक./अधिकृत स्तर, ५/६ तह (प्र.सा.प्र.)-१
  सहायक ४/५ तह (प्र.सा.प्र.)-१
  ह.स.चा., श्रेणीविहिन-५
  का.स.-४
- **आर्थिक प्रशासन शाखा**
  अधिकृत, ७/८ (प्र.लेखा),-१
  सहायक, ४/५ (प्र.लेखा.),-१
- **कानुन तथा फैसला कार्यान्वयन शाखा**
  कानुन अधिकृत, (रा.प.तृ. न्याय/कानुन),-१

### वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा
डिभिजनल वन अधिकृत ९/१० तह (वन.)-१

- **वन व्यवस्थापन तथा उद्यम शाखा**
  वन अधिकृत., ७/८ (वन/ज.फ.)-१
  रेन्जर/अधिकृत., ५/६ (वन/ज.फ.)-१
- **वन्यजन्तु संरक्षण शाखा**
  वन अधिकृत., ७/८ (वन/ज.फ.)-१
  रेन्जर/ अधिकृत., ५/६ (वन/ज.फ.)-१
- **भू तथा जलाधार शाखा**
  भू.स. अधिकृत., ७/८ तअ (वन/स्वायल.)-१
  भू.सं.सहायक/अधिकृतस्तर., ५/६ तह वन/स्वायल.)-१
- **जैविक विविधता शाखा**
  वनस्पति अधिकृत., ७/८ तह (वन/बोटनी.)-१
  सहायक/अधिकृत स्तर., ५/६ तह वन/बोटनी.)-१

### विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा
डिभिजनल वन अधिकृत ९/१० तह (वन.)-१

- **विज्ञान तथा सूचना प्रविधि शाखा**
  क. अधिकृत., ७/८ तह विविध-१
  क. सहायक/अधिकृत., ५/६ तह विविध-१
- **जलवायु परिवर्तन तथा जलवायु वित्त शाखा**
  अधिकृतस्तर., ७/८ (वन/ज.फ.)-१
  रेन्जर/अधिकृत., ५/६ (वन/ज.फ.)-१
- **वातावरण शाखा**
  वातावरण, ७/८ (विविध.)-१
  रेन्जर/अधिकृत., ५/६ (वन/ज.फ.)-१

### वणिज्य तथा आपूर्ति महाशाखा
अधिकृत ९/१० तह (प्र./सा.प्र.)-१

- **वाणिज्य शाखा**
  अधिकृत, ७/८ तह (प्र./सा.प्र.),-१
  सहायक./अधिकृत स्तर, ५/६ (प्र.सा.प्र.)-१
- **आपुर्ति शाखा**
  अधिकृत, ७/८ तह (प्र./सा.प्र.),-१
  सहायक.४/५ तह, प्र.सा.प्र.-१

### औद्योगिक तथा पर्यटन प्रर्वद्धन महाशाखा
अधिकृत ९/१० तह (प्र./सा.प्र.)-१

- **औद्योगिक प्रवर्द्धन शाखा**
  अधिकृत, ७/८ तह (प्र./सा.प्र.),-१
  सहायक.४/५ तह, प्र.सा.प्र.-१
- **पर्यटन विकास महाशाखा**
  अधिकृत, ७/८ तह (प्र./सा.प्र.),-१
  सहायक./अधिकृत स्तर, ५/६ (प्र.सा.प्र.)-१

**प्रदेश सचिव–१, अधिकृत नवौं/दशौं (प्रा.–३, प्र.–२), कानून अधिकृत ७/८ (प्रा.–५, प्र.–६, लेखा–१, विविध–२), अधिकृत/सहायक ६/५ प्रा.–६ प्र.–५, विविध–१), सहायकस्तर ४/५ (लेखा–१ प्रशासन–२ ह.स.चा.–४, का.स.–५ (जम्मा–४५ जना)**

## २.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प.प्रथम | वन | समुहकृत नहुने | १ |
| २ | उपसचिव | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | ३ |
| ३ | डिभिजनल वन अधिकृत | ९/१० तह | वन | समुहकृत नहुने | २ |
| ४ | अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ६ |
| ५ | जलाधार व्यवस्थापन अधिकृत | ७/८ तह | वन | स्वायल एण्ड वाटर कन्जरभेसन | १ |
| ६ | वन अधिकृत | ७/८ तह | वन | जनरल फरेष्ट्री | ३ |
| ७ | वनस्पती अधिकृत | ७/८ तह | वन | बोटानी | १ |
| ८ | लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | १ |
| ९ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ |
| १० | वातावरण निरीक्षक | ७/८ तह | विविध | | १ |
| ११ | इन्जिनियर | ७/८ तह | इन्जिनियरिङ्ग | माइनिङ्ग | ० |
| १२ | कम्प्यूटर अधिकृत | ७/८ तह | विविध | | १ |
| १३ | कम्प्यूटर अपरेटर/अधिकृत | ५/६ तह | विविध | | १ |
| १४ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ५ |
| १५ | रेन्जर/अधिकृत | ५/६ तह | वन | जनरल फरेष्ट्री | ४ |
| १६ | रेन्जर/अधिकृत | ५/६ तह | वन | स्वायल एण्ड वाटर कन्जरभेसन | १ |
| १७ | सहायक/अधिकृत | ५/६ तह | वन | वोटानी | १ |
| १८ | सहायक | ४/५ तह | प्रशासन | लेखा | १ |
| १९ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | ० |
| २० | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| २१ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ४ |
| २२ | का.स. | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ५ |
| **जम्मा** | | | | | ४५ |

## २.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका निकाय

यस मन्त्रालय मातहत प्रदेश वन निर्देशनालय र उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय गरी २ वटा निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुर्खेत जिल्ला बाहेकका प्रत्येक जिल्लामा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय ९ वटा, प्रत्येक जिल्लामा ११ वटा डिभिजन वन कार्यालय, भेरी नदि प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेत र कर्णाली नदि प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालय, जुम्ला गरी २५ वटा निकाय रहेका छन् ।




चित्र नं : १ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका निकाय

## २.७ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नागरिक बडापत्र

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
नागरिक वडापत्र

| क्र.स. | प्रदान गर्ने सेवा विवरण | पेश गर्नुपर्ने कागजात | कार्य सम्पादन गर्न लाग्ने समय | सेवा प्राप्त लाग्ने दस्तुर | जिम्मेवार महाशाखा/शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | वन, उद्योग, पर्यटन सम्बन्धी नीती, नियम, मापदण्ड वा कानून जानकारी गराउने | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | सुचना प्रविधि | सचिव |
| २ | वार्षिक बजेट तथा कार्यक्रम, खर्च, रकमान्तरण सम्बन्धी सुचना उपलब्ध गराउँने | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | प्रशासन तथा योजना | सचिव |
| ३ | IEE/EIA तथा पञ्चवर्षीय योजना स्वीकृत | डि.व.का.को सिफारिस तथा सम्बन्धित निकायको प्रतिवेदन लगायतका कागजातहरू | ७ दिन | निःशुल्क | वातावरण | सचिव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापको सुचना उपलब्ध गराउँने | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | जलवायु परिवर्तन | सचिव |
| ५ | पर्यटन सम्बन्धी | लिखित वा मौखिक निवेदन | १ देखि ३ दिन | निःशुल्क तथा कामको प्रकृति हेरी शुल्क | पर्यटन | सचिव |
| ६ | उद्योग, वाणिज्य, श्रम रोगजार | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | उद्योग | सचिव |
| ७ | वन पैदावार हानी नोक्सानी, वन्यजन्तु शिकारी, वन अतिक्रमण सम्बन्धि | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | वन व्यवस्थापन | सचिव |
| ८ | भू-संरक्षण, एकिकृत जलाधार व्यवस्थापन सम्बन्धी जानकारी | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | भू तथा जलाधार | सचिव |
| ९ | राजश्व, धरौटी, आर्थिक कारोबार सम्बन्धी सुचना उपलब्ध गराउने | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | लेखा शाखा | सचिव |
| १० | कानुनी परामर्श | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | कानुन तथा फैसला कार्यान्वयन शाखा | सचिव |
| ११ | प्रशासन सम्बन्धी, कर्मचारी भर्ना, सरुवा बढुवा | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | प्रशासन शाखा | सचिव |
| १२ | अध्ययन, अनुसन्धान, प्रतिवेदन सम्बन्धी | लिखित वा मौखिक निवेदन | १ दिन | निःशुल्क | योजना तथा प्रशासन | सचिव |
| १३ | प्रवक्ता/सुचना सम्बन्धी | लिखित वा मौखिक निवेदन | ०.५ दिन | निःशुल्क | योजना महाशाखा | सचिव |

## २.८ मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाको कार्यविवरण

### प्रशासन, योजना तथा अनुगमन महाशाखा

- मानव संशाधन विकास सम्बन्धी कार्यहरू गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने ।
- मन्त्रालयमा प्राप्त हुने आर्थिक प्रशासनसँग सम्बन्धित सरकारी नीति एवं आर्थिक अनुशासनसँग सम्बन्धित निर्देशनहरू कार्यान्वयन गर्ने तथा कार्यान्वयनमा सहयोग गर्ने एवं अन्तरगतका निकायहरूमा परिपत्र तथा अभिलेख राख्ने ।
- संगठन संरचना र प्रभावकारिताका सम्बन्धमा नीतिगत कार्य गर्ने ।
- अन्तर मन्त्रालय समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- अन्तर महाशाखा एवं शाखाहरूबिच समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- मन्त्रालयको कार्यजिम्मेवारीहरू अन्तरगत संचालन गरिने कार्यक्रम, नीति तथा योजनाहरूको तर्जुमा गरी मन्त्रालयले अङ्गिकार गरेको लक्ष्य तथा उद्देश्य पुरा गर्ने गराउने ।
- मन्त्रालय सम्वद्ध योजना तर्जुमा, बजेट तथा कार्यक्रम स्वीकृती, संशोधन, परिमार्जन तथा रकमान्तरका लागि अन्तर महाशाखा/शाखा समन्वय गर्ने र सिफारिस गर्ने ।
- मातहतका निकायबाट बार्षिक योजना, कार्यक्रम एवं बजेटको पूर्वानुमान सम्बन्धी विवरण संकलन तथा विश्लेषण गरी आवश्यकता अनुसार गोष्ठी, छलफल गरी एकिकृत बार्षिक कार्यक्रम तयार गर्ने ।

- मन्त्रालयसँग सम्बन्धित योजना, नीति तथा कार्यक्रमको अनुगमन तथा समिक्षा गरी प्रभावकारीताका आधारमा नँया कार्यक्रम प्रस्ताव गर्ने ।
- मासिक, चौमासिक, र बार्षिक प्रगती समिक्षा र आवश्यकता अनुसार मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको (MDAC) बैठक बसी PDAC मा पठाउने ।
- समपुरक, विशेष अनुदान तथा सशर्त अनुदानको लागि योजनाहरूको दस्तावेज तयारी तथा समन्वय गर्ने ।
- मातहतका शाखाहरूको काज, बिदा तथा माग फाराम स्वीकृतीको सिफारिस गर्ने ।
- मातहतका कर्मचारीलाई सजाय एवं पुरस्कारको लागि सिफारिस गर्ने ।
- मन्त्रालयबाट तोकिएका अन्य कामकाज गर्ने ।

### प्रशासन तथा योजना शाखा

#### प्रशासनतर्फ

- कर्मचारीहरूको स्थाई, अस्थाई, करार रिक्त पदहरूको पदपूर्ति सम्बन्धी कार्यहरू ।
- नयाँ नियुक्ती र बढुवा भई आएका कर्मचारीहरूको पदस्थापन सम्बन्धी कार्यहरू ।
- कर्मचारीहरूको सरुवा तथा काज सम्बन्धी कार्यहरू ।
- कार्यरत कर्मचारीहरूको हाजिरि अभिलेख, घर विदा, अध्ययन विदा, असाधारण विदा, अनिवार्य अवकाश तथा स्वेच्छीक राजीनामा तथा कारवाही सम्बन्धी कार्यहरू ।
- कार्यालयको कर्मचारी समूहको दरबन्दीको लगत तथा सो दरबन्दीमा कार्यरत कर्मचारीहरूको व्यक्तिगत अभिलेख अद्यावधीक गर्ने कार्यहरू ।
- कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कन सम्बन्धी कार्यहरू ।
- कार्यरत कर्मचारीहरूलाई विभिन्न पुरस्कार तथा पदकका लागी सिफारीश सम्बन्धी कार्यहरू ।
- निजामति सेवा ऐन तथा नियमावली अनुसार स्वीकृत दिने सम्बन्धी कार्यहरू ।
- संगठन व्यवस्थापन सर्वेक्षण समितिको बैठक आयोजना गर्ने, संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्ने, स्वीकृत भएपछि कार्यान्वयनका लागी सम्वन्धित निकायमा लेखी पठाउने ।
- निजामती सेवा ऐन तथा नियमावली बमोजिम निजामती कर्मचारीहरूको आचरण तथा विभागिय सजाय सम्बन्धी कार्यहरू ।
- कार्यालयबाट खरिद भएको/कार्यालयलाई अन्यत्रबाट प्राप्त भएका तथा कार्यालयका नाममा रहेका जिन्सी सामाग्रीहरूको डिजिटल माध्यमबाट अभिलेख राख्ने, लिलाम, मिन्हा, फछ्र्यौट लगायतका कार्यहरू साथै जिन्सी निरिक्षण र बार्षिक खरिद योजना तथा गुरुयोजना तयार गर्ने ।
- मन्त्रालयको खरिद सम्बन्धी कार्यहरू खरिद ईकाईको माध्यमबाट गर्ने/गराउने ।
- मन्त्रालयका अन्य महाशाखाहरूसँग समन्वय गर्ने

#### योजना तथा अनुगमनतर्फ

- मन्त्रालयको बार्षिक कार्यक्रम तथा बजेटको तयारी, स्वीकृती तथा रातोकिताब प्रकाशन गर्ने ।
- प्रदेश सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा मन्त्रालयको क्षेत्राधिकार भित्रको विषयवस्तुहरू मन्त्रिपरिषद्, अर्थ मन्त्रालय, योजना आयोगमा पठाउने ।
- प्रोजेक्ट बैंकमा समावेश गर्नुपर्ने आयोजना पहिचान गरी योजना आयोगमा पठाउने ।
- मध्यमकालिन खर्च संरचना तयार गरी स्वीकृत गराउने ।
- जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त भएका योजनाहरूको प्राथमिकिकरण सम्बन्धी कार्य साथै बार्षिक योजना तर्जुमा गोष्ठी संचालन गर्ने ।
- विगतका बर्षहरूमा संचालित योजनाहरूको लाभ-लागत विश्लेषण गरी सो कार्यक्रमलाई निरन्तरता दिने/नदिने ध्यान दिने ।
- मन्त्रालयको बहुबर्षिय स्वीकृत आयोजनाको अभिलेख राख्ने एवं बहुबर्षिय स्वीकृत गर्नुपर्ने आयोजनाहरूको हकमा बहुबर्षिय ठेक्का स्वीकृती सम्बन्धी कार्यविधी बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय र योजना आयोगमा सिफारिस गरी पठाउने ।

- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम दोस्रो चौमासिक सम्म खर्च नभएको र खर्च हुन नसक्ने कार्यक्रम समर्पण गर्ने, नपुग बजेट थपका लागि रकमान्तर/स्रोतान्तर गर्ने लगायतका कार्यहरू।
- बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अधुरो, बहुबर्षिय, क्रमागत योजना तथा अनिवार्य दायित्वको विषयहरूलाई प्राथमिकता दिनका लागि Real Time Data तयार गरी राख्ने ।
- बार्षिक कार्यक्रमको कार्यान्वयनको लागि बार्षिक कार्यक्रम संचालन निर्देशिका/कार्यविधी तयार गरी स्वीकृत गर्ने ।
- बार्षिक कार्यक्रम संचालन सम्बन्धमा जिल्लागत कार्यालयहरूसँग समन्वय, परिपत्र, निर्देशन लगायतका कार्यहरू।
- बार्षिक कार्यक्रमको प्रथम चौमासिक/द्धितिय चौमासिक तथा बार्षिक प्रगती समिक्षा गोष्ठी संचालन गर्ने तथा सोको बार्षिक प्रगती प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।
- गत आ.व. तथा हाल संचालन भइरहेका योजनाहरूको चालु अनुगमन तथा दिगोपना अनुगमन गरी पृष्ठपोषण गर्ने ।
- अनुगमन मुल्याङ्कनका लागि सुचक सहितको मापदण्ड तयार गरी तथ्यमुलक अनुगमन तथा मुल्याङ्कन गर्ने ।

### आर्थिक प्रशासन शाखा

- मन्त्रालय र मातहतका निकायहरूको लागि आगामी आर्थिक वर्षका लागि अनुमानित (साधारण) बजेट बनाई पेश गर्ने, विनियोजित बजेट तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट खर्च गर्ने अख्तियारी प्राप्त भएपछि अन्तरगतका निर्देशनालय/आयोजना/कार्यालयहरूमा अख्तियारी पठाउने र सोको अभिलेख सम्बन्धी अन्य कार्यहरू।
- अख्तियारी प्राप्त भएपछि विनियोजन बजेट निकासा माग गरी खर्च सहितको अभिलेख राखी आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउने।
- लेखापरीक्षणबाट बेरुजु देखिन आएमा सोको अभिलेख गरी फछ्र्यौट गर्ने गराउने र तत्सम्बन्धी प्रगती विवरण सम्बन्धित निकायमा पठाउने
- राजस्व र धरौटी वापत प्राप्त हुन आउने रकमको अभिलेख गर्ने, लेखा परीक्षण गराउने, मन्त्रालय तथा अन्तरगतको लेखा तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित व्यहोराको जवाफ संकलन तथा अध्ययन गरी सम्बन्धित निकायबाट माग भएका वखत पठाउने व्यवस्था गर्ने ।
- मन्त्रालयमा प्राप्त हुन आउने आर्थिक प्रशासनसँग सम्बन्धित सरकारी नीति तथा आर्थिक अनुशासन सम्बन्धी विभिन्न निर्देशनहरूको पालना गर्ने, मातहतका निकायहरूलाई समेत सोको पालना गराउने ।
- कुनै बजेट उपशिर्षकमा रकम थपघट गर्नुपरेमा रकमान्तर सम्बन्धी अर्थ मन्त्रालयबाट निकासा भए बमोजिम गर्ने ।
- लेखा उत्तरदायी अधिकारीसँग संयुक्त रूपमा मन्त्रालयको आर्थिक कारोवार सञ्चालन गर्ने ।
- आर्थिक विषयमा सचिवबाट राय माग भएमा राय दिने तथा आर्थिक विषयमा आदेश निर्देशन भएकोमा नियमानुसार सो आदेश निदेशन बमोजिमका कार्यहरू गर्ने/गराउने ।
- आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरू गर्ने ।

### कानून तथा फैसला कार्यान्वयन शाखा

- प्रदेश ऐन, नियम, निर्देशिकाहरूको मस्यौदा तयार गर्ने तथा छलफल गराउने ।
- प्रस्तावित कानूनहरूको मन्त्रिपरिषद्मा लैजाने प्रस्ताव तयार गराउने ।
- मन्त्रालयसँग सम्बन्धित कानूनहरूको प्रकाशन तथा अभिलेखिकरण गर्ने ।
- मन्त्रालय र अन्तरगतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको महाशाखा अन्तरगतका शाखाहरूसँग सहकार्य गरी जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने/गराउने ।
- मन्त्रालयबाट कुनै विषयमा भएका निर्णयहरूका बारेमा कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने ।
- अदालत तथा अन्य निकायबाट मन्त्रालयको पक्ष तथा विपक्षीमा वा मन्त्रालयसँग सम्बन्धित फैसलाको कार्यान्वयन गर्ने/गराउने ।
- मन्त्रालयको तर्फबाट कानूनी विषयमा राय दिने ।

- महाशाखागत प्रमुखहरूको समन्वयमा महाशाखागत कार्यहरू सुचारू संचालनका लागि आवश्यक मापदण्ड, निर्देशिका, कार्यविधी आदि निर्माण गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने/गराउने ।

### अनुगमन तथा मुल्यात्कन शाखा

- मन्त्रालय र मन्त्रालय मातहतका निकायहरूबाट हालसम्म कार्यान्वयन भएका र आगामी दिनहरूमा संचालन हुने कार्यक्रमहरूको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- अनुगमन कार्यका लागि कर्णाली प्रदेश योजना आयोगबाट तयार भएको अनुगमन मुल्याङ्कन निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन मापदण्ड तयार गर्ने र सोको आधारमा नियमित तथा आवधिक अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- अनुगमनबाट देखिएका राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरू समावेश गरी प्रत्येक अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन सुझाव सहित मन्त्रालय तथा सम्बन्धित निकायमा पेश गर्ने ।
- अनुगमन मुल्याङ्कन प्रतिवेदनको अभिलेखिकरण तथा प्रकाशन गर्ने ।
- प्रतिवेदनबाट दिइएका सुझावहरू कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय तथा निर्देशन दिने ।
- मन्त्रालयको बार्षिक बजेट तयारी गर्ने समयमा अनुगमन मुल्याङ्कनको आधारमा आयोजनाहरूको प्राथमिकिकरण गर्न आवश्यक समन्वय गर्ने ।
- मन्त्रालयका सबै महाशाखा/ शाखासँग समन्वय गर्ने ।

### विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा

- वातावरण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा आवश्यक सहजिकरण गर्ने/गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन,स्वीकृति एंव सम्बन्धित कार्य गर्ने ।
- वातावरणीय अनुगमन तथा परिक्षणका लागि आवश्यक व्यवस्था गर्ने/गराउने ।
- प्रदुषण नियन्त्रण गर्नका लागि आवश्यक मापदण्ड निर्माण,कार्यान्वयन तथा अनुगमन लगायतका कार्यहरू गर्ने ।
- मातहतका शाखाहरूलाई तोकिएको काममा समन्वय, सहजिकरण गरी क्रियाशिल बनाउने तथा लक्ष्य हासिल गर्न पहल गर्ने ।
- प्रदेशस्तरमा जलावायु परिवर्तन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- प्रदेश भित्र जलवायुका आधारभूत तथ्यांक संकलन, अनुकूलन र न्यूनिकरणका कार्यहरू लगायत जलवायूसंग सम्बन्धित अन्य कार्यहरू गर्ने ।
- वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धानका आधारमा आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने ।
- प्रदेश स्तरमा जलवायु तथा वातावरणीय सूचना प्रणाली स्थापना तथा विकास गर्नको लागि आवश्यक तथ्याङ्क संकलनका साथै विश्लेषण गर्ने ।
- वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी प्रतिवेदन तयारी र प्रकाशन गर्ने गराउने ।
- देशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने ।
- विज्ञान तथा प्रविधि सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने ।
- जलावायु परिवर्तनका जोखिमहरू विश्लेषण गरी संकटासन्नता तथा जोखिम नक्साङ्कन गर्ने ।
- जलवायु परिवर्तनबाट सृजित नकारात्मक असरहरूका कारणले सुख्खाग्रस्त क्षेत्र, जल तनाव, बाढीबाट हुने खोला किनार क्षेत्रहरूको पहिचान, सर्वेक्षण तथा व्यवस्थापनका आवश्यक कार्य गर्ने ।
- मातहतका शाखाहरूको बिदा, काज तथा माग फाराम स्वीकृतीको लागि सिफारिस गर्ने ।
- मातहतका कर्मचारीहरूलाई सजाय एंव पुरस्कारको लागि सिफारिस गर्ने ।
- महाशाखासंग सम्बन्धित बजेट, नीति तथा कार्यक्रम तर्जुमाको एवं कार्यक्रम कार्यान्वयनको लागि योजना महाशाखासंग समन्वय गर्ने ।
- प्रदेशस्तरीय अनुकूलन योजना तयारी गरी सो बमोजिमका योजना / क्रियाकलाप कार्यान्वयन गर्ने ।
- प्रदेश वन ऐन र प्रदेश वातावरण संरक्षण ऐनको व्यवस्था कार्यान्वयन एवं सहजिकरण गर्ने ।
- मन्त्रालयबाट तोकिएका अन्य कामकाज गर्ने/गराउने ।

### विज्ञान तथा सूचना प्रविधि शाखा

- मन्त्रालयका काम कारवाहीहरूको सूचना प्रविधिमा आबद्ध गर्ने ।
- मन्त्रालयलाई आवश्यक पर्ने ध्भदकष्तभ तथा सूचना प्रविधिसँग सम्बन्धित प्रणाली, सञ्चालनको व्यवस्था मिलाउने ।
- मन्त्रालयका सूचनाहरू Website मा अद्यावधिक गर्ने ।
- मन्त्रालयसंग सम्बन्धित तथ्याङ्क संकलन प्राविधिक विश्लेषण लगायतका काममा सहजिकरण गर्ने,
- सूचना प्रविधि सम्बन्धमा शाखा महाशाखाहरूलाई सहयोग तथा सहजिकरण गर्ने ।
- मन्त्रालयको Management Information System (MIS) सञ्चालनको काग गर्ने तथा वार्षिक कार्यक्रम एंव प्रतिवेदन प्रकाशन सम्बन्धमा अन्य शाखा र महाशाखाहरूलाई सहयोग गर्ने ।
- मातहतका कार्यालयहरूमा सूचना प्रणाली विकास गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

### जलवायु परिवर्तन तथा जलवायु वित्त शाखा

- जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न सहजिकरण गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने साथै सोको लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धमा विभिन्न निकायहरू एव संघ संस्थाहरूबाट भए गरेका तथा हुने कार्यहरूको संयोजन एंव सहजिकरण गर्ने ।
- प्रदेशस्तरिय जलवायु परिवर्तन समन्वय समितिको वैठक आयोजनामा सहजिकरण गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी क्षमता अभिवृद्धि, तालिम, गोष्ठी, कार्यशाला आयोजना गर्ने गराउने ।
- जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरूलाई न्युन गर्न, गराउन कार्यहरू गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन तथा न्युनिकरण सम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- जलवायु परिवर्तन सम्बन्धमा सचेतनामुलक प्राचार प्रसार समाग्रि तयार गरी प्रकाश गर्ने ।

### वातावरण शाखा

- प्राकृतिक स्रोतमा पर्ने वातावरणीय असरहरूको मूल्याङ्कन गर्ने/गराउने र सो सम्बन्धी प्राविधिक राय उपलब्ध गराउने ।
- वातावरणीय मापदण्ड विकासका लागि अन्य मुलुकहरूमा अवलम्बन भइरहेका मापदण्डहरूलाई देश भित्र लागु गर्नका लागि अनुसन्धान गर्न सहयोग पुऱ्याउने ।
- उद्योगहरूलाई सोझै वा स्थानीय निकायहरू मार्फत प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने गराउने कार्यमा सहयोग पुऱ्याउने ।
- वातावरण संरक्षण कोष विकास एवं विस्तार गर्नका लागि आवश्यक कार्य गर्ने गराउने ।
- वातावरण संरक्षण सम्बन्धित गरिने वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने सम्बन्धी गर्ने ।
- वातावरण संरक्षण तथा प्रवर्द्धन एंव व्यवस्थापनको लागि वातावरणीय सुशासन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- प्रदेशस्तरमा वातावरण सम्बन्धी अध्ययन अनुसन्धान व्यवस्थापन नियमनको कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।

### वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा

- राष्ट्रिय वन तथ जैविक विविधता सम्बन्धी नीति तथा कार्यक्रहरू तर्जुमामा आवश्यक सहजिकरण गर्ने गराउने ।
- राष्ट्रिय वन क्षेत्रको सर्वेक्षण नाप नक्सा र सिमा निर्धारणमा समन्वय गर्ने गराउने ।
- वन व्यवस्थापन पद्धतिमा आवश्यक नीति तथा कार्यक्रम तर्जुमा तयारीमा आवश्यक सहजिकरण गर्ने गराउने ।
- वन पैदावारमा आधारित उद्यम तथा उद्योगहरूको स्थापना विकास र प्रवद्वन सम्बन्धी आवश्यक कार्यहरू गर्ने गराउने ।
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- समुदायमा आधारित वन व्यवस्थापन (सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र) व्यवस्थापनका लागि मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- वन प्रमाणीकरणका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

- प्रदेशमा रहेका जलश्रोतहरू र तिनीहरूका जलाधार क्षेत्रमा रहेका भू श्रोतहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग सम्बन्धमा प्रदेश सरकारलाई नीति, योजना तथा कार्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउने।
- सामुदायिक वनहरूमा दिगो व्यवस्थापनको सिद्वान्त बमोजिम व्यवस्थापनका साथै संरक्षण, उत्पादन, तथा पर्यापर्यटन वढोत्तरी गर्नको लागि प्रदेशस्तरिय नीति एंव मापदण्ड तयारी सम्बन्धी कार्यहरू गर्ने गराउने।
- प्रदेशभित्रको राष्ट्रिय वन, सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र भित्रका वन्यजन्तुको संरक्षणका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने।
- प्रदेश भित्रको राष्ट्रिय वन, सामुदायिक वन, कवुलियती वन, धार्मिक वनको कोष परिचालनवारे प्रदेश नीति एंव कानून निर्माण सम्बन्धी कार्यहरू गर्ने गराउने।
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रदेश नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- सहभागितामूलक वन डढेलो नियन्त्रण एंव रोकथाम सम्बन्धी नीतिगत कार्यहरू गर्ने गराउने।
- वन व्यवस्थापन पद्वतिहरूको स्थानिय, प्रदेश एंव केन्द्रिय तह संगको अन्तरसम्बन्ध एंव समन्वय र सहकार्य सम्बन्धी आवश्यक प्रदेशस्तरिय कार्यविधि निर्माण गर्ने गराउने।
- उच्च मुल्यका वनजन्य जडिवुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन प्रवर्द्वन र वजारिकरण प्रवर्द्वन सम्बन्धी कार्यहरू गर्ने गराउने।
- निजी क्षेत्रलाई प्रोत्साहन वा प्राथमिकता दिने कार्यक्रम वा परियोजना सञ्चालन सम्बन्धी कार्यहरू गर्ने, निजी क्षेत्रका उद्योगहरूको विकासको निमित्त निजी क्षेत्रका संघ संस्थाहरूसंग मिलेर आवश्यक रणनीति तय गर्ने कार्यहरूका अतिरिक्त यस्ता उद्योगहरूमा देखा परेका समस्याहरू निराकरण गर्न अन्तर मन्त्रालय समन्वयका साथै आवश्यक सहयोग गर्ने।
- वन व्यवस्थापन समुहरूको क्षमता विकास तालिम गोष्ठी कार्यशालाका साथै हरित रोजगारिको अध्ययन अनुसन्धान गर्ने गराउने।
- वन पैदावारमा आधारित उद्योगको कच्चा पदार्थ उपलब्ध गराउने सम्बन्धमा मापदण्ड तयार गर्ने। साथै सो सम्बन्धी राजश्व, शुल्क, महशुल आदिको वारेमा राय परापर्श उलपब्ध गर्ने गराउने।
- प्रदेश भित्रको राष्ट्रिय वन, सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन समुहको स्थानिय, प्रदेश एंव केन्द्र संगको साझेदारिता लाभको वितरण सम्बन्धी मापदण्ड निर्माणका लागि समन्वय तथा सहजिकरण गर्ने।
- वन श्रमिक, वन हेरालु, विभिन्न वन व्यवस्थापन पद्वतिहरूको संरक्षण व्यवस्थापनमा आवश्यक दक्ष जनशक्तिको योग्यता तथा कार्यसूचिको मापदण्ड निर्माणको कार्यहरू गर्ने गराउने।
- जैविक विविधता संग सम्बन्धित प्रदेश तथा राष्ट्रिय कानून कार्यान्वय गर्ने गराउने।
- जैविक विविधता संग सम्बन्धित क्षमता विकासका कार्यहरू गर्ने।
- जैविक विविधताको अभिलेखिकरण तथ पंन्जिकरण सम्बन्धी विषयमा कार्य गर्ने।
- जैविक विविधता संरक्षणमा परस्थानिय प्रजातिको संरक्षणको लागि वनस्पति उद्यान, प्राणी उद्यान व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- संकटापन्न तथा लोपन्मुख प्रजातिको प्रजाति संरक्षण कार्ययोजाना तयारी गरी कार्यान्वयन गर्ने।
- जैविक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधि विकास सम्बन्धी आवश्यक कार्यहरू गर्ने गराउने।
- जैविक विविधता संग सम्बन्धित अन्तराष्ट्रिय कानूनहरूको कार्यान्वयनको लागि प्रदेश तथा केन्द्रितह संग समन्वय सहकार्य गर्ने गराउने।
- प्रदेशस्तरमा रहेका वृहत पहिरो सर्वेक्षण जोखिम आँकलन र संवेदनशिलता अध्ययन र अभिलेखिकरण सम्बन्धी कार्य गर्ने गराउने।
- आकस्मिक रूपमा बाढी, पहिरो तथा भू-स्खलनबाट हुने क्षतिको लेखाजोखा ( च्बउष्म म्कबनभ ब्ककभककभलत) गर्ने गराउने।
- संघ, प्रदेश र स्थानिय तहहरूका सम्बन्धित निकायसंग जलाधार तथा सिमसार स्रोत सम्बन्धी सूचना आदान प्रदान गर्ने योजना निर्माणमा समन्वय तथा सहकार्य गर्ने गराउने।
- प्रदेशमा रहेको राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसार तथा ताल तलैयाहरूको सर्वेक्षण तथा अभिलेखिकरण सम्बन्धी कार्य गर्ने।
- जलाधार,पहिरो तथा भू-क्षयिकरण सम्बन्धी वैज्ञानिक अध्ययन, अनुसन्धान तथा प्रचार-प्रसार सम्बन्धी कार्य गर्ने।
- सिमसार तथा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन योजना तयारी गर्ने।

- सिमसार क्षेत्रको दिगो व्यवस्थापनको लागि एकिकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- जलाधार स्रोत सम्बन्धी भू-जैविक तथा समाजिक आर्थिक तथ्याङ्कहरू अभिलेखिकरण गरी सूचना प्रणालीको विकस गर्ने ।
- भू-विपदबाट सम्भावित जोखिमयुक्त बस्ति क्षेत्र पहिचान सर्वेक्षण अभिलेखिकरण र संरक्षण लगायतका कार्य गर्ने ।
- तालतलैयाहरूको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक नीति योजना तर्जुमा र नियमन गर्ने ।
- प्राकृतिक प्रकोप (बाढी, पहिरो, भू-क्षय) व्यवस्थापन सम्बन्धी प्राविधि, सूचना तथा अन्य जानकारीहरू प्रदेशका मन्त्रालयहरू, जलाधार संरक्षण केन्द्र र स्थानिय तहका साथै अन्य सरोकारवाला निकायहरूलाई उपलब्ध गराई आवश्यक सहजिकरण र समन्वय गर्ने ।
- प्राकृतिक नदि प्रणालिको अध्ययन तथा अनुगमन गर्ने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।
- प्रदेश वन ऐन र प्रदेश वातावरण संरक्षण ऐनको व्यवस्था कार्यान्वयन एवं सहजिकरण गर्ने ।

### वन व्यवस्थापन तथा उद्यम शाखा

- सरकारी, सार्वजनिक, निजी क्षेत्र, कृषि वन, सहरी क्षेत्रमा वृक्षारोपण तथा वन विकासको आवश्यक व्यवस्था मिलाउने ।
- सामुदायिक वन, साझेदारी वन, गरिबका लागि कबुलियती वन, धार्मिक वन, सरकारद्वारा व्यवस्थित वन लगायतका का वन व्यवस्थापन पद्वति सम्बन्धी अभिलेख राख्ने ।
- वन पैदावार विक्रि वितरण तथा वजार व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने ।
- वन सम्बर्द्धन प्रविधि र वृक्ष सुधार सम्बन्धी कार्यहरू गर्ने ।
- वन तथा वनजन्य पैदावारमा आधारित उद्योग निर्माणको लागि सहजिकरण समन्वय तथा सहकार्य गर्ने ।
- वनको दिगो व्यवस्थापनको लागि वन सम्बर्द्धन सम्बन्धी उपयुक्त समाग्रि तयारी तथा प्रकाशन गर्ने ।
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकिय पद्वति निर्धारण गर्ने ।
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरिय विउ उत्पादन, विउँ वगैचा स्थापना र व्यवस्थापन गर्ने ।
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गर्ने ।
- भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गिकरण, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गर्ने ।
- जडीबुटी खेती प्रविधी प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा गर्ने गर्ने ।
- प्रदेश भित्रको जडिबुटी तथा गैह काष्ठ पैदावारहरूको :बउउप्लन, ख्वगिभ ऋजबष्ल लगाएतका कार्य गर्ने ।
- शाखाको मासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी महाशाखामा पेश गर्ने ।
- महाशाखा प्रमुख र विभागिय प्रमुखले तोकेको अन्य कार्यहरू गर्ने ।

### वन्यजन्तु संरक्षण शाखा

- संरक्षण क्षेत्र बाहिर वन्यजन्तु अपराध नियन्त्रणका लागि नीति ऐन कानून निर्माण गर्ने ।
- चोरी शिकारी तथा वन्यजन्तुको अवैध कारोबार नियन्त्रण तथा कारबाही गर्ने ।
- वन ऐन नियम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा सहयोग तथा सहजिकरण गर्ने ।
- मानव वनजन्तु द्वन्द न्यूनिकरण तथा राहत वितरणमा सहजिकरण र समन्वय गर्ने गराउने ।
- वनजन्तु संरक्षणमा क्रियाशिला विभिन्न सुरक्षा निकाय तथा सरोकारवालहरूसित समन्वय तथा सहकार्य गर्ने ।
- वनजन्तु तथा जैविक विविधतासंग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुका साथै मातहकतका निकायहरूलाई आवश्यक राय परामर्श प्रदान गर्ने ।
- संकटापन्न, दुर्लभ तथा लोपन्मुख प्रजातिहरूको संरक्षण कार्ययोजना तयारी तथा सो बमोजिमका निर्धारित योजना/ क्रियाकलाप संचालनमा सहयोग गर्ने ।
- संरक्षण सम्बन्धी योजनाहरूको प्राथमिकता निर्धारण तथा योजना निर्माणमा सहयोग गर्ने ।

- प्रजाति संरक्षण तथा भू-परिधि कार्ययोजना सम्बन्धी कार्य गर्ने ।
- जैविक विविधता संरक्षणका दृष्टिकोणले महत्वपुर्ण क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी तद् अनुरूप कार्यहरू गर्ने गराउने ।
- वनजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण गर्ने ।
- हात्तिसार तथा चिडियाखानको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- शाखाको मासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी महाशाखामा पेश गर्ने ।
- महाशाखा प्रमुख र विभागिय प्रमुखले तोकेको अन्य कार्यहरू गर्ने ।

## भू-तथा जलाधार शाखा

- जलाधार व्यवस्थापन कार्यलाई वैज्ञानिक, पूर्व अनुमानयोग्य परिणाममुखी बनाउन देहाय बमोजिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा सहयोग गर्ने तथा कार्यान्वयन गराउनेः

  क. उप-जलाधार

  ख. जलाधार

  ग. नदी बेसिन क्षेत्रका केही प्रदेशमा पर्ने भागमा

- उप-जलाधार योजना स्थानीय तह मार्फत, जलाधार व्यवस्थापन योजना प्रदेश सरकार मार्फत, नदी वेसिन योजना नेपाल सरकार मार्फत सञ्चालन, समन्वय गर्न आवश्यक काम गर्ने ।
- प्रदेशभित्रका जिल्लाबीच जलाधारीय श्रोतको अन्तरनिर्भरता, लाभ-लागतको बाँडफाँड तथा उपयोग सम्बन्धमा आवश्यक समन्यव र सहकार्य गर्ने ।
- प्रदेशका जिल्लामा रहेका जलाधार क्षेत्रहरू र तीनमा सञ्चालित कार्यक्रमको गुणस्तर, अनुगमन तथा मुल्यांकन गर्ने गराउने, भू तथा जलाधार संरक्षण नीति, रणनीति र योजनाहरूको पालना तथा कार्यान्वयनका लागि आवश्यक निर्देशनहरूको परिपत्र तथा जानकारी दिने काम गर्ने गराउने ।
- प्रदेशमा पर्ने Watershed hot spot, critical watershed, protected watershed, severely degraded watershed आदि महत्वपूर्ण जलाधारीय क्षेत्रको पहिचान गरी उक्त क्षेत्रमा गर्नुपर्ने कामको कार्ययोजना लागु गर्न मन्त्रालय, प्रदेश सरकारलाई सुझाव दिने ।
- भू-तथा जलाधार संरक्षणका लागि प्रदेश तथा स्थानीय तहको क्षमता अध्ययन गरी क्षमता अभिबृद्धी गर्न सहयोग गर्ने, सम्बन्धित क्षेत्रमा आर्थिक, सामाजिक, पर्यावरणीय र वैज्ञानिक अध्ययन अनुसन्धानका कार्यहरू गर्ने गराउने ।
- भू-क्षय भै जिल्ला तथा अन्तर प्रदेशमा पर्न सक्ने असरहरू पहिचान गरी जिल्ला तथा प्रदेशबीच सहकार्य गरी संरक्षण कार्यक्रम अघि बढाउन समन्वय गर्ने ।
- भू-संरक्षण कार्य जस्तै बाढी, पहिरो, खोला किनारा कटान संरक्षण, पूर्वाधार संरक्षणलाई व्यवस्थित गर्न प्रदेशका कार्यालय तथा स्थानीय सरकारलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।
- नदि प्रणालीहरूको उपल्लो र तल्लोतटिय अन्तरसम्बन्ध कायम गर्दै एकिकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- तालतलैयाहरूको पुनर्जभरणका लागि आवश्यक प्रविधिमुलक कार्यहरू गर्ने ।
- सिमसार क्षेत्रको संरक्षण सम्बन्धी कार्य गर्ने ।
- भू तथा जालधार संरक्षण सम्बन्धी प्रविधिहरूको स्थलगत प्रदर्शन, म्झय एयित तयारी गर्ने गराउने ।
- प्रवेश अन्तरगत भिषण बाढी, पहिरो, सेडीमेन्टेसन चरम जल तथा भू-प्रदुषण, चरम भू-क्षयीकरण आदिबाट प्रभावित क्षेत्रको पहिचान गर्न त्यस्ता क्षेत्रको पुनः स्थापनाको कार्यक्रम सञ्चालन गर्न क्षेत्र पहिचान तथा योजना बनाउन कार्य गर्ने साथै विपद व्यवस्थापन गर्न, सिमसार क्षेत्रको व्यवस्थापन, भूमिगत जलश्रोतहरूको पहिचान, दिगो उपयोग र व्यवस्थापन गर्न मन्त्रालयको आवश्यकता तथा प्रदेशको माग बमोजिम योजना बनाउन प्राविधिक सहयोग गर्ने, योजना बनाउने, उपयुक्त भएका विषयमा थप छलफल गर्ने/गराउने ।
- शाखाको मासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी महाशाखामा पेश गर्ने ।
- महाशाखा प्रमुख र विभागिय प्रमुखले तोकेको अन्य कार्यहरू गर्ने ।

### जैविक विविधता शाखा

- संकटापुर्ण अवस्थामा रहेका प्रजातिहरूको संरक्षण, अनुसन्धान तथा व्यवस्थापन गर्ने गराउने ।
- वनस्पति तथा वन्जन्तुको आनुवांशिक स्रोत सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने ।
- जैविक विवधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरूको कार्यान्वयनमा सहयोग तथा सहजिकरण गर्ने ।
- आयातित प्रजातिहरूको प्रवेश, नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान गर्ने विभिन्न विश्वविद्यालय संस्था र अनुसन्धान केन्द्रसंग समन्वय गर्ने ।
- साईटिस सम्बन्धी काम गर्ने वैज्ञानिक तथा व्यवस्थापन निकाय संग समन्वय गर्ने गराउने ।
- प्रोभिनेन्स परिक्षण (Provinence Test) लगायतका कार्यहरू गर्ने ।
- प्रजाति संरक्षण कार्ययोजनामा उल्लेख भएका विभिन्न योजना तथा क्रियाकलापहरू सञ्चालन गर्ने ।
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्बोरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखिकरण सम्बन्धी कार्यहरू गर्ने ।
- जैविक विविधता सम्बन्धी प्रादेशिक अभिलेख व्यवस्थापन गर्ने ।
- शाखाको मासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी महाशाखामा पेश गर्ने ।
- महाशाखा प्रमुख र विभागिय प्रमुखले तोकेको अन्य कार्यहरू गर्ने ।

### वाणिज्य तथा आपूर्ति महाशाखा र औधोगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा

- उद्योग, पर्यटन, वाणिज्य, आपूर्ति क्षेत्रलाई व्यवस्थित गराउन आवश्यक नीति, कानून, कार्यविधी तयारीका लागि कानून शाखासँगको समेत समन्वयमा आवश्यक कार्य गर्ने ।
- मातहतका शाखाहरूलाई तोकिएको काममा समन्वय, सहजिकरण गरी क्रियाशिल बनाउने तथा लक्ष्य हासिल गर्न पहल गर्ने ।
- मन्त्रालय मातहतका निकायहरूबाट उद्योग, पर्यटन, वाणिज्य, आपूर्ति क्षेत्रमा हुने गरेका कामकारवाहीहरूको आवश्यक अनुगमन, निर्देशन दिने तथा समन्वय गर्ने ।
- बजारमा व्यावसायिक क्रियाकलाप स्वच्छ, पारदर्शि एवं प्रतिस्पर्धी बनाउदै गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने सम्बन्धी नीतिगत कार्य गर्ने ।
- निर्यातमुलक वस्तु एवं सेवाको उत्पादकत्वलाई प्रोत्साहन गरी व्यापार घाटा न्यूनिकरण गर्न नीतिगत कार्य गर्ने ।
- प्रदेशको पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि रणनीतिक योजना, कार्ययोजना, कार्यक्रम प्रस्ताव तथा अध्ययन अनुसन्धान कार्यको पहिचान तथा प्रोत्साहन गर्ने ।
- प्रादेशिक, राष्ट्रिय एवं विश्व बजारमा वस्तु तथा बौद्धिक सम्पत्तीको पहुँच वृद्धि गर्ने सम्बन्धी नीतिगत कार्य गर्ने ।
- वाणिज्य तथा आपूर्ति नीतिको कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।
- उद्योग, पर्यटन, वाणिज्य, आपूर्ति क्षेत्रको विकासका लागि अन्तर सरकार समन्वय गर्ने ।
- योजना तथा अनुगमन शाखासँगको समन्वयमा उद्योग, पर्यटन, वाणिज्य, आपूर्ति सम्बन्धी बार्षिक कार्यक्रम तयार गर्ने ।
- प्रदेश पर्यटन ऐन, औधोगिक व्यवसाय ऐन, व्यापार व्यवसाय दर्ता ऐनका व्यवस्थाहरू कार्यान्वयन एवं सहजिकरण गर्ने ।

### वाणिज्य शाखा तथा आपूर्ति शाखा

- अत्यावश्यक वस्तुहरूको नियमित आपूर्तिको अनुगमन गर्ने/गराउने ।
- आपूर्ति सम्बन्धी बजार व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरू गर्ने ।
- आपूर्ति सम्बन्धी नीजि तथा गैरसरकारी संस्थासँग सम्पर्क तथा समन्वय गर्ने ।
- लक्षित समूह, व्यक्ति र परिवारलाई सरल तथा सुपथ ढंगबाट अत्यावश्यक वस्तुहरू आपूर्ति गर्ने सम्भावनाको खोजी/अध्ययन गर्ने ।
- अत्यावश्यक वस्तुहरूको निरन्तर आपूर्ति गर्ने सिलसिलामा वितरण, सञ्चय तथा ढुवानी प्रणालीबारे जानकारी लिई सुपथ तथा सर्वसुलभ आपूर्तिको आवश्यक व्यवस्था मिलाउने ।
- बजारमा विक्रि वितरण हुने अत्यावश्यक वस्तुहरूको मुल्य संकलन तथा अध्यावधिक गर्ने गराउने निर्देशन दिने ।

- आपूर्ति गर्नुपर्ने तोकिएका अत्यावश्यक वस्तुहरूको उत्पादन लागत, बजार मुल्यका साथै आयातित वस्तुहरूको समेत मुल्य विश्लेषण सम्बन्धी कार्यहरू गर्ने ।
- विभिन्न क्षेत्रमा रहेका अत्यावश्यक वस्तुहरूको मौज्दात विवरण संकलन गरी अद्यावधिक राख्न निर्देशन दिने ।
- आन्तरिक उत्पादन, खपत हुने परिमाण र वितरण व्यवस्थापन सम्बन्धमा अद्यावधिक राख्न निर्देशन दिने ।
- अत्यावश्यक वस्तुको माग र आपूर्तिको प्रक्षेपण गर्ने ।
- अत्यावश्यक वस्तुको सञ्चय र सोको पूर्वाधार विकास सम्बन्धी कार्यहरू गर्ने ।
- कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन गर्ने ।
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गिकरण, गुणस्तर परिक्षण र नियमन लगायतका कार्य गर्ने ।
- प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन गर्ने ।
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन गर्ने ।
- मन्त्रालयको बार्षिक कार्यक्रम अन्तरगतको वाणिज्य तथा आपूर्ति सम्बन्धी कार्यहरू गर्ने/गराउने ।
- उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र जिल्लास्थित कार्यालयहरूसँग समन्वय, सहजिकरण गर्ने, प्रगती प्रतिवेदन प्राप्त गरी मन्त्रालयमा जानकारी गराउने ।
- जिल्लास्थित कार्यालयहरूबाट सम्पादित कार्यहरूको नियमित अनुगमन गरी पृष्ठपोषण दिने ।

## औधोगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा

### औधोगिक प्रवर्द्धन शाखा

- प्रदेशको औधोगिकरणमा सरकारी र निजी क्षेत्रको समन्वयात्मक भूमिका अभिवृद्धि गर्न समयानुकुल नीतिगत एवं प्रशासनिक कार्यहरू सम्पादन गर्ने ।
- औधोगिक प्रवर्द्धनको लागि निजी क्षेत्रलाई प्राथमिकता दिने सन्दर्भमा अपनाउनु पर्ने नीति, नियम तथा कानून तर्जुमाका सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय गरी कानून शाखा समेतको संलग्नतामा कार्य सम्पादन गर्ने ।
- औधोगिक प्रवर्द्धनको लागि आवश्यक सुविधा, सहुलियत, संरक्षण तथा वातावरणको व्यवस्थाको लागि नीतिगत तर्जुमा, पुनरावलोकन तथा मुल्याङ्कन गर्ने ।
- लघु, घरेलु उद्योगको प्रवर्द्धन, प्रोत्साहन र विस्तारको लागि संचालित कार्यक्रमहरू सुपरिवेक्षण र अनुगमन गरी कार्यक्रमहरूमा समन्वय कायम गर्ने ।
- निकायहरूसँग समन्वय गर्ने, औधोगिक सम्पत्तीको संरक्षण र प्रशासन गर्न वौद्धिक सम्पत्ती सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू संचालन गर्ने ।
- उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र जिल्लास्थित कार्यालयहरूसँग समन्वय, सहजिकरण गर्ने, प्रगती प्रतिवेदन प्राप्त गरी मन्त्रालयमा जानकारी गराउने ।
- जिल्लास्थित कार्यालयहरूबाट सम्पादित कार्यहरूको नियमित अनुगमन गरी पृष्ठपोषण दिने ।

### पर्यटन विकास शाखा

- पर्यटन प्रवर्द्धनका लागि अपनाउनु पर्ने नीति, नियम तथा कानून तर्जुमाका सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय गरी कानून शाखा समेतको संलग्नतामा कार्य गर्ने ।
- पर्यटन पूर्वाधार निर्माण सम्बन्धमा आवश्यक योजना एवं कार्यक्रम तथा बजेट बनाउन समन्वय गर्ने ।
- पर्यटन सम्बन्धी प्रवर्द्धनात्मक तथा सूचनामुलक कार्यहरू गर्ने/गराउने ।
- पर्यटन सम्बन्धमा अध्ययन अनुसन्धान तथा अवलोकन गर्ने/गराउने ।
- ट्राभल एजेन्सी इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।
- ट्रेकिङ्ग एजेन्सी इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।
- पर्यटक यातायात सेवा व्यवसाय इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।
- र्याप्टिङ्ग एजेन्सी इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।
- पर्यटक स्तरीय होटल इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।

- होमस्टे इजाजत पत्र जारी तथा नवीकरण सम्वन्धी कार्य गर्ने ।
- टुर गाईड, ट्रेकिङ्ग गाइड, ट्रेकिङ्ग पोटर गाईड, रिभर गाईडको इजाजत पत्र जारी तथा नवीकरण लगायतका कार्य गर्ने ।
- प्रदेश स्तरीय पर्यटकिय क्षेत्रहरूको प्रबर्द्धनात्मक सामाग्रीहरू (ब्रोसर, बुकलेट, टेवलबुक) प्रकाशन गरी प्रचारप्रसार गर्ने ।
- जिल्लास्थित कार्यालयहरूबाट संचालित पर्यटन सम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्ने ।

## माननीय मन्त्रीज्यूको नीजि सचिवालय

- माननीय मन्त्रीज्यूलाई आवश्यक पर्ने विभिन्न प्रकारका सूचना तथा अभिलेख उपलब्ध गराउने ।
- मा. मन्त्रीज्यूलाई एवं सचिवालयलाई आवश्यक पर्ने टेलिफोन, फर्निचर, कम्प्युटर लगायतका भौतिक सामाग्रीहरू सम्बन्धित शाखासँग समन्वय गरी व्यवस्थापन गराउने ।
- मा. मन्त्रीज्यूको विभिन्न पदाधिकार प्रतिनिधिहरूसँगको सम्पर्क तथा भेटघाटलाई व्यवस्थित गर्ने ।
- मा. मन्त्रीज्यूको कार्यकक्षमा हुने भेटघाट बैठकको आवश्यकता अनुसार टिपोट वा माईन्यूट तयार गर्ने ।
- मा. मन्त्रीज्यूसमक्ष आएका गुनासा, सुझाव, कार्यक्रम तथा बजेट माग लगायतका विषयहरूको व्यवस्थापन र कार्यान्वयन सम्बन्धी आवश्यक कार्य गर्ने ।
- मा. मन्त्रीज्यूबाट भएको निर्णयको सञ्चार तथा कार्यान्वयनको लागि सम्बन्धी शाखा महाशाखामा पठाउने ।
- सचिवालयको पत्राचार तथा संचारको दर्ता चलानी र अभिलेख व्यवस्थापन गर्ने ।
- मा. मन्त्रीज्यूको भ्रमण कार्यक्रममा सुरक्षा लगायत अन्य व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।
- मा. मन्त्रीज्यूको वक्तव्य, सम्वोधन आदिको मस्यौदा तयार गर्ने र सो कार्यको समन्वय गर्ने ।
- मा. मन्त्रीज्यूको स्वकीय सचिवालयसँग समन्वय गरी दुवै सचिवालयको प्रशासनिक व्यवस्थापनका कार्यहरू गर्ने साथै दुवै सचिवालयको अभिलेख व्यवस्थापन प्रभावकारी बनाई संस्थागत सम्झना व्यवस्थापनको कार्यहरू गर्ने ।
- आवश्यकता अनुसार मा. मन्त्रीज्यूको जनसम्पर्क सम्बन्धी अन्य कार्य गर्ने ।
- मा. मन्त्रीज्यूको नीजि सचिवालयको अन्य प्रशासनिक कार्यहरू ।

## श्रीमान सचिवज्यूको सचिवालय

- सचिवज्यूबाट हुने महत्वपुर्ण निर्णयहरूको दर्ता, सञ्चार तथा अभिलेखिकरण गर्ने ।
- सचिवज्यू एवं सचिवालयलाई आवश्यक पर्ने टेलिफोन, फर्निचर, कम्प्युटर लगायतका भौतिक सामाग्रीहरू सम्बन्धित शाखासँग समन्वय गरी व्यवस्थापन गराउने ।
- सचिवज्यूको विभिन्न पदाधिकार प्रतिनिधिहरूसँगको सम्पर्क तथा भेटघाटलाई व्यवस्थित गर्ने ।
- सचिवज्यूको कार्यकक्षमा हुने भेटघाट बैठकको आवश्यकता अनुसार टिपोट वा माईन्यूट तयार गर्ने ।
- सचिवज्यू समक्ष निर्णयका लागि पेश भएका टिप्पणी फाइलहरू दर्ता तथा अभिलेखिकरण गर्ने ।
- सचिवज्यूको निर्देशनमा अन्तर महाशाखा/ शाखा/ कार्यालयहरूसँग समन्वय, सहजिकरण तथा सञ्चार गर्ने ।
- सचिवज्यू तथा सचिवालयलाई आवश्यक पर्ने सूचनाहरू प्राप्ती, भण्डारण तथा तोकिएको समयमा उपलब्ध गराउने ।
- मन्त्रिपरिषद्का निर्णयहरूको अभिलेखिकरण गर्ने ।
- सेवाग्राहीबाट प्राप्त गुनासो, सुझाव लगायतका विवरणहरूको व्यवस्थित अभिलेख राख्ने एवं सचिव- सेवाग्राही बीचको भेटघाटको व्यवस्थापन गर्ने ।
- तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशमा हालसम्मका माननीय मन्त्रीज्यूहरूको नामावली

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका मन्त्रीज्यूहरूको नामावली

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | मा. नन्दसिंह बुढा | मन्त्री | २०७४/११/०६ | २०७७/१२/२७ |
| २ | मा. नन्दसिंह बुढा | मन्त्री | २०७८/०१/०५ | २०७८/०७/१५ |
| ३ | मा. छिरीङ डम्डुल लामा (कार्चन) | मन्त्री | २०७८/१०/२३ | २०७९/०४/२३ |
| ४ | मा. विर बहादुर शाही | मन्त्री | २०७९/०४/२९ | २०७९/०९/२७ |
| ५ | मा. जीत बहादुर मल्ल | मन्त्री | २०७९/१०/११ | २०७९/१२/२७ |
| ६ | मा. कृष्णबहादुर बि.सी. | मन्त्री | २०८०/०१/०७ | २०८०/११/१२ |
| ७ | मा. दुर्ग बहादुर रावत | मन्त्री | २०८१/०१/१८ | २०८१/०४/१७ |
| ८ | मा. सुरेश अधिकारी | मन्त्री | २०८१/०४/२० | हालसम्म |

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशमा हालसम्मका सचिवज्यूहरूको नामावली

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

### सचिवज्यूहरूको नामावली

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री विद्यानाथ झा | सचिव | २०७४/११/०३ | २०७५/०२/२० |
| २ | श्री धिरेन्द्र कुमार प्रधान | सचिव | २०७५/०२/२३ | २०७६/०५/२२ |
| ३ | डा.श्री कृष्ण प्रसाद आचार्य | सचिव | २०७६/०५/३० | २०७७/०९/२२ |
| ४ | श्री शेर बहादुर श्रेष्ठ | नि.सचिव | २०७७/०९/२३ | २०७७/१०/१० |
| ५ | श्री मोहन देव जोशी | सचिव | २०७७/१०/११ | २०८०/०१/०४ |
| ६ | डा.श्री विनोद प्रसाद देवकोटा | सचिव | २०८०/०१/०५ | २०८०/११/२७ |
| ७ | श्री राजेन्द्र कुमास बासुकला | का.मु.सचिव | २०८१/०१/२१ | २०८१/०२/०६ |
| ८ | डा.श्री केदार बराल | सचिव | २०८१/०२/०७ | २०८१/०६/०४ |
| ९ | श्री दिर्घनारायण कोइरला | सचिव | २०८१/०६/१० | २०८२/०२/०९ |
| १० | श्री शेर बहादुर श्रेष्ठ | का.मु.सचिव | २०८२/०३/१२ | |

## ३. मन्त्रालयले हालसम्म तर्जुमामा गरिएका ऐन/नियमावली/कार्यविधि/निर्देशिका/मापदण्ड/कार्ययोजना/गरूयोजना

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय स्थापना भएपश्चात् यस मन्त्रालयले वन, वातावरण, जैविक विविधता, उद्योग, बाणिज्य, आपूर्तिसँग सम्बन्धित निम्नबमोजिमको ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, कार्ययोजना तर्जुमा गरी कार्यान्वयन भईरहेको छ।

### ऐन

- प्रदेश वातावरण संरक्षण ऐन, २०७७
- कर्णाली प्रदेश वन ऐन, २०७८
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८
- प्रदेश पर्यटन ऐन, २०७८
- प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा संचालन) ऐन, २०७८

### नियमावली

- प्रदेश वातावरण संरक्षण नियमावली, २०७७
- कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९
- कर्णाली प्रदेश वन नियमावली, २०८०
- प्रदेश व्यापार व्यवसाय नियमावली, २०७७
- प्रदेश व्यापार व्यवसाय (दर्ता तथा संचालन) (दोस्रो संशोधन) नियमावली, २०८१
- मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली, २०८०

### कार्यविधि/निर्देशिका

- होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५
- युवा तथा लक्षितवर्गको उद्यमशिलता विकास लागि अनुदान कार्यविधि, २०७५
- शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउँने कार्यविधि, २०७५ (संशोधित)
- कर्णाली पर्यटन बोर्डको कार्यकारी निर्देशक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६
- नर्सरी व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८
- नदी तथा खनिजजन्य स्रोत उत्खनन्, संकलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९
- लघु औद्योगिक ग्राम संचालन कार्यविधि, २०७९
- खोटो संकलन कार्यविधि, २०८१
- कोशेली गृह संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यविधि, २०८१
- वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन, २०८२
- काठ दाउँरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा रहेको)
- सामुदायिक वनको काठ दाउँरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा रहेको)

### मापदण्ड/कार्ययोजना/गुरुयोजना

- करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१
- प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८
- कर्णाली प्रदेश गुरुयोजना, २०७७/०७८-२०८६/०८७
- कर्णाली प्रदेशको खर्क व्यवस्थापन रणनीति तथा कार्ययोजना (२०२५-२०३५) (स्वीकृतिको चरणमा रहेको)

## समस्या एवं चुनौति

- अति दुर्गम तथा विकट भौगोलिक अवस्थिति रहेको ।
- समस्याको पहिचान नै नगरी बजेट विनियोजन हुने हुँदा विनियोजित बजेट र समस्या बीचको तालमेल नभएको ।
- पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागि दक्षता नभएको र पर्यटकीय गन्तब्य नभएका स्थानमा बजेट विनियोजन हुने गरेको र पर्यटकीय पूर्वाधार निर्माणमा वनक्षेत्रको प्रयोग हुने गरेको ।
- जडिबुटीको जथाभाबी संकलन तथा अत्याधिक दोहन ।
- प्रदेशको प्रमुख उत्पादन जडिबुटी टिमुर, रिठ्ठा, दालचिनि आदिको बजार र उचित मूल्यको अभाव ।
- प्रदेशको माथिल्लो भेगको खर्क तथा पाटन क्षेत्रमा अनियन्त्रित चरिचरण, तल्लो भेगमा वन डढेलो, वन्यजन्तु चोरी शिकारी तथा आखेटोपहार ओसारपसार, वन अतिक्रमण जस्ता वन संरक्षणका चुनौति विद्यमान रहनु ।
- सब-डिभिजन वन कार्यालयको भौतिक पूर्वाधार जिण रहेको, सब-डिभिजन वन कार्यालयमा ल्याबटप, वन मापनका उपकरण, सवारी साधन, हिमाली जिल्लामा ईन्टरनेट आदिको अभाव रहेको ।
- विगतदेखि दायर भएका मुद्धाको फैसला हुन बाँकी रहेकोले बरामद काठ तथा सवारी साधनको लिलाम तथा व्यवस्थापनमा गर्न कठिनाई भएको ।
- ढुङ्गा गिट्टी बालुवा उत्खननको क्षेत्राधिकारमा द्धिविधा तथा समन्वयको अभाव रहेको ।
- एकिकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरूपका कार्यक्रम छनौट नहुनु, कार्यक्रम छनौट गर्दा उपयुक्त स्थान, कार्यक्रमको आवश्यकता र प्रकृति नमिल्नु, बायोईन्जिनियरिङ्ग प्रविधिलाई बढावा दिन नसकिएको ।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेत र जुम्ला गरी दुई वटा मात्र रहेकोले भू संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कठिनाई भईरहेको ।
- पछिल्लो समय सामुदायिक वन उपभोक्ता समूहहरूको वन व्यवस्थापनमा निष्कृयता बढ्दै गएको, समूहको संस्थागत विकास तथा सुशासनमा समस्या हुँदा सामजिक वातावरण तथा वन संरक्षण व्यवस्थापनमा असर पुगेको ।
- अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई नीति निर्माणमा जोड्न नसकिएको ।
- वातावरणीय अध्ययन नभई भौतिक पूर्वाधार निर्माण हुने गरेको ।
- मानव वन्यजन्तु बीचको द्धन्द्ध पछिल्लो समय बढ्दै गएको ।
- दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृत भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको ।
- पिल्ड स्तरका वन रक्षक र शसस्त्र वन रक्षकको दरबन्दी अनुरूपको पदपूर्ति नभएको, सुर्खेत जिल्ला बाहेकका अन्य जिल्लामा शसस्त्र वन रक्षकको दरबन्दी नभएको ।

## समस्या समाधानका उपायहरू

- कर्णाली प्रदेहको भौगोलिक विकटता एवं चुनौतिको लागि वन संरक्षण एवं व्यवस्थापनमा प्रविधिको उच्चतम् प्रयोग गर्ने जस्तै-ड्रोन प्रविधिको प्रयोग, मोबाईल एपको प्रयोग, ईन्टरनेटको बिस्तार आदि ।
- वन डढेलो नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने र नियन्त्रण सामाग्री सहित पूर्व तयारी हुनुपर्ने र सबै सामुदायिक वन उपभोक्ता समूह र स्थानिय तहहरूमा अग्नि नियन्त्रणका लागि आवश्यक जनशक्ति, सामग्री र बजेट व्यवस्थापन हुनुपर्ने ।
- कर्णाली प्रदेशको जडिबुटी प्रदेशभित्र नै एक तहको प्रशोधन गरेर मात्र लैजानको लागि प्रशोधन केन्द्रको स्थापना गर्ने, कर्णाली प्रदेशको आर्गनिक उच्च मूल्यको जडिबुटीलाई ब्रान्डीङ्ग गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउँने ।
- वर्तमान सङ्गठन संरचनामा भू तथा जलाधार व्यवस्थापन कार्यालयको सेवा प्रवाह संघियताको मर्म अनुरूप संकुचित हुन पुगेकोल थप कार्यालय थप गरी सेवा प्रवाहलाई तल्लो तहसम्म बिस्तार गरिनुपर्ने ।
- समस्याको पहिचान गरेर सोहीबमोजिम बजेट विनियोजन गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता विकासको लागि क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्नुपर्ने, निष्कृय रहेका सामुदायिक वन उपभोक्ता समूहहरूलाई ञभचनभ गरी संरक्षण र व्यवस्थापन गर्नुपर्ने ।
- पर्यापर्यटन गुरुयोजना अनुसार पर्यटन पूर्वाधार विकास कार्यक्रम छनौट गरिनुपर्ने, कर्णाली प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ संशोधन गरी पर्यापर्यटन प्रबर्द्धनका कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र पर्यापर्यटन

पूर्वाधार विकासका कार्यक्रम भौतिक मन्त्रालयको कार्यविवरणमा समेटिनुपर्ने ।

- भौतिक पूर्वाधारका कार्यक्रम संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- जडिबुटी विशिष्ट क्षेत्रको पहिचान, पूर्वनिर्धारित जडिबुटी पकेट क्षेत्रको संशोधन, प्राकृतिक रूपमा रहेका जडिबुटीका क्षेत्रलाई पनि समेटि दिगो संरक्षण र व्यवस्थापन गर्नुपर्ने ।
- जडिबुटी तथा अन्य वन पैदावारको संरक्षण तथा व्यवथापनलाई प्रभावकारी तुल्याउन जडिबुटी संकलन समय तथा अवधि, संकलन तरिका तथा विभि, उपयुक्त औजार तथा उपकरणको उपयोग सम्बन्धी व्यवस्था सहित कर्णाली प्रदेहको विशिष्ट जडिबुटी संकलन तथा व्यवस्थापन निर्देशिका निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- वन पैदावार चोरी संकलन तथा निकासी कार्यको रोकथाम तथा नियन्त्रणको लागि नाका तथा रुटहरूमा विशेष निगरानीको लागि चेकपोष्टको व्यवस्था गरिनुपर्ने ।
- वन अतिक्रमण नियन्त्रणको लागि राजनैतिक साझा प्रतिवद्धता जारी गर्नुपर्ने,
- सब-डिभिजन वन कार्यालयको भवन निर्माण एवं मर्मत गर्नुपर्ने, बिजुली, ईन्टरनेट, खानेपानी, ल्याबटब, मोटरसाईकल जस्ता अतिआवश्कीय पूर्वाधारको प्रबन्ध गरिनुपर्ने ।
- मानव-वन्यजन्तु द्धन्द्ध न्यूनिकरणको लागि राहतको व्यवस्था, जनचेतना अभिवृद्धिका कार्यक्रम, पशु चौपायाको खोर सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
- कर्णाली प्रदेशको खर्क व्यवस्थपनका लागि खर्क व्यवस्थापन रणनीति स्वीकृत गरी स्थानिय समुदायसँगको साझेदारीमा खर्कको दिगो संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने ।

# भाग-२

## २. कर्णाली प्रदेशमा वन, जैविक विविधता, जलाधार र संरक्षित क्षेत्र

### २.१ कर्णाली प्रदेशको भू-उपयोगको वितरण

राष्ट्रिय भू-उपयोग अनुगमन प्रणाली, २०२४ को पछिल्लो तथ्याकंअनुसार कर्णाली प्रदेशमा सबैभन्दा धेरै वनक्षेत्र र सबैभन्दा कम पानीले ढाकेको क्षेत्र क्रमश २७.९३ % र ०.३ % भू-भाग ओगटेको छ। अन्य भू-उपयोगको विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

| सि.न. | भू-उपयोग | वनक्षेत्र (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ८५५३०४ | २७.९३ % |
| २ | घाँसेमैदान | ८३३०५४ | २७.२१ % |
| ३ | कृषि क्षेत्र | ४४५३०२ | १४.५४ % |
| ४ | नाङ्गो चट्टान | ४२४००६ | १३.८५ % |
| ५ | हिउँले ढाकेको क्षेत्र | २७४३६१ | ८.९६ % |
| ६ | हिमनदी | ९४०८९ | ३.०७ % |
| ७ | झाडी बुट्यान क्षेत्र | ६८९८८ | २.२५ % |
| ८ | आवास क्षेत्र | ४०८४८ | १.३ % |
| ९ | नदी उकास क्षेत्र | १५८१३ | ०.५ % |
| १० | पानीले ढाकेको क्षेत्र | १००४८ | ०.३ % |
| ११ | नाङ्गो माटो | ६५ | ०.०९ % |
| जम्मा | | ३०६१८७८ | १०० % |

(स्रोत : राष्ट्रिय भू उपयोग अनुगमन प्रणाली २०२४)

कर्णाली प्रदेशको भू-उपपोग



## २.२ कर्णाली प्रदेशमा डिभिजन वन कार्यालयगत वनक्षेत्रको अवस्था

| सि.न. | डिभिजन वन कार्यालय | वन (००० हे.) | वन (५) |
|---|---|---|---|
| १ | दैलेख | ७७४७५ | ५२.४ |
| २ | डोल्पा | १२०९८३ | १५.३ |
| ३ | हुम्ला | १२६७४८ | २१.२ |
| ४ | जाजरकोट | १३३२६८ | ६०.२ |
| ५ | जुम्ला | १२०४१२ | ४७.३ |
| ६ | कालिकोट | ११४३०८ | ७०.० |
| ७ | मुगु | ११८६२८ | ३६.८ |
| ८ | रुकुम पश्चिम् | ६४७१७ | ५३.५ |
| ९ | सल्यान | १२८२७४ | ६६.५ |
| १० | सुर्खेत | ८०८३१ | ६१.४ |
| ११ | भेरी | ९१३८९ | ७८.८ |
| **जम्मा** | | **११७७०३३** | **३८.४४** |

(स्रोत : राष्ट्रिय वन स्रोत सर्वेक्षण २०१०-२०१४)

**FOREST COVER MAP OF PROVINCE 6, NEPAL**




(स्रोत : राष्ट्रिय वन स्रोत सर्वेक्षण २०१०-२०१४)

## २.३ कर्णाली प्रदेशमा स्थानीय तहगत वनको विवरण

| क्र.सं. | स्थानियतह | जिल्ला | जम्मा क्षेत्रफल (हे.) | वनको क्षत्रफल (हे.) | वन प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भगवतीमाइ गा.पा. | दैलेख | १५०८५ | ८७१५ | ५७.७७ | |
| २ | भैरवी गा.पा. | दैलेख | १०९९४ | ६०३५ | ५४.८९ | |
| ३ | डुङ्गेश्वर गा.पा. | दैलेख | १०४७० | ५८१७ | ५५.५६ | |
| ४ | गुराँस गा.पा. | दैलेख | १६४०० | ८९६६ | ५४.६७ | |
| ५ | माहावु गा.पा. | दैलेख | ११०२८ | ५४६७ | ४९.५७ | |
| ६ | नौमुले गा.पा. | दैलेख | २२७५५ | १५८१२ | ६९.४९ | |
| ७ | ठाँटीकाँध गा.पा. | दैलेख | ८७७८ | ४५९४ | ५२.३४ | |
| ८ | आठबिस न.पा. | दैलेख | १६७१६ | १००५८ | ६०.१७ | |
| ९ | चामुण्डा बिन्द्रासैनी न.पा. | दैलेख | ९०१५ | २६८० | २९.७३ | |
| १० | दुल्लु न.पा. | दैलेख | १५६०१ | ४९४१ | ३१.६७ | |
| ११ | नारायण न.पा. | दैलेख | ११०११ | ४३९० | ३९.८७ | |
| **दैलेख जिल्लाको जम्मा** | | | **१४७८५३** | **७७४७५** | **५२.४०** | |
| १२ | छार्काताङ्सोङ्ग गा.पा. | डोल्पा | १९६०४३ | १११८२ | ५.७० | |
| १३ | डोल्पोबुद्ध गा.पा. | डोल्पा | ११७६९० | ६६४ | ०.५६ | |
| १४ | जगदुल्ला गा.पा. | डोल्पा | ७७४९८ | १६०१२ | २०.६६ | |
| १५ | काइके गा.पा. | डोल्पा | ४६५२९ | ११८१६ | २५.३९ | |
| १६ | मुड्केचुला गा.पा. | डोल्पा | २४९११ | १५१०५ | ६०.६२ | |
| १७ | शे-फोक्सुन्डो गा.पा. | डोल्पा | २४४६६७ | २१५४१ | ८.८० | |
| १८ | ठुलीभेरी न.पा. | डोल्पा | ४५६८६ | २२१६५ | ४८.५२ | |
| १९ | त्रिपुरासुन्दरी न.पा. | डोल्पा | ३९२२६ | २२४९८ | ५७.३५ | |
| **डोल्पा जिल्लाको जम्मा** | | | **७९२२५८** | **१२०९८३** | **१५.२७** | |
| २० | अदानचुली गा.पा. | हुम्ला | १४९९५ | १०५६४ | ७०.४५ | |
| २१ | चम्खेली गा.पा. | हुम्ला | १३०५३० | २६०६८ | १९.९७ | |
| २२ | खार्पुनाथ गा.पा. | हुम्ला | ८७६३१ | १६४२० | १८.७४ | |
| २३ | नाम्खा गा.पा. | हुम्ला | २४०८०५ | ३०७०५ | १२.७५ | |
| २४ | सर्केगाड गा.पा. | हुम्ला | ३०५३६ | २११६३ | ६९.३१ | |
| २५ | सिमकोट गा.पा. | हुम्ला | ७८२४६ | ९८३४ | १२.५७ | |
| २६ | ताँजाकोट गा.पा. | हुम्ला | १५८३७ | ११९९४ | ७५.७३ | |
| **हुम्ला जिल्लाको जम्मा** | | | **५९८५८०** | **१२६७४८** | **२१.१७** | |
| २७ | बारेकोट गा.पा. | जाजरकोट | ५७५२६ | ३३७३४ | ५८.६४ | |
| २८ | जुनिचाँदे गा.पा. | जाजरकोट | ३४४७२ | २२३२० | ६४.७५ | |
| २९ | कुसे गा.पा. | जाजरकोट | २७२८५ | २०४०९ | ७४.८० | |
| ३० | शिवालय गा.पा. | जाजरकोट | १३३६७ | ७७२६ | ५७.८० | |
| ३१ | भेरी न.पा. | जाजरकोट | २१८८८ | ११८४३ | ५४.११ | |
| ३२ | छेडागाड न.पा. | जाजरकोट | २८२९९ | १५४०२ | ५४.४३ | |
| ३३ | त्रिवेडीनलगाड न.पा. | जाजरकोट | ३८५९९ | २१८३४ | ५६.५७ | |
| **जाजरकोट जिल्लाको जम्मा** | | | **२२१४३६** | **१३३२६८** | **६०.१८** | |

| क्र.सं. | स्थानियतह | जिल्ला | जम्मा क्षेत्रफल (हे.) | वनको क्षेत्रफल (हे.) | वन प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३४ | गुठीचौर गा.पा. | जुम्ला | ४२५४१ | २०३८६ | ४७.९२ | |
| ३५ | हिमा गा.पा. | जुम्ला | १३१७५ | ७६५३ | ५८.०९ | |
| ३६ | कनकासुन्दरी गा.पा. | जुम्ला | २२४४४ | १५४५८ | ६८.८७ | |
| ३७ | पातरासी गा.पा. | जुम्ला | ८११०५ | २७९६१ | ३४.४८ | |
| ३८ | सिँजा गा.पा. | जुम्ला | १५२६३ | ९३९३ | ६१.५४ | |
| ३९ | तातोपानी गा.पा. | जुम्ला | ५२३४१ | २४०२५ | ४५.९० | |
| ४० | तिला गा.पा. | जुम्ला | १७४७४ | १०३०८ | ५८.९९ | |
| ४१ | चन्दन्नाथ न.पा. | जुम्ला | १०१६२ | ५२२८ | ५१.४५ | |
| **जुम्ला जिल्लाको जम्मा** | | | **२५४५०५** | **१२०४१२** | **४७.३१** | |
| ४२ | कालिका गा.पा. | कालिकोट | ९६८५ | ७४१६ | ७६.५७ | |
| ४३ | माहावै गा.पा. | कालिकोट | ३२०६५ | २४७४७ | ७७.१८ | |
| ४४ | नरहरिनाथ गा.पा. | कालिकोट | १४३१६ | १०३६४ | ७२.३९ | |
| ४५ | पाचलझरना गा.पा. | कालिकोट | १६६१५ | १०५८२ | ६३.६९ | |
| ४६ | पलाता गा.पा. | कालिकोट | ३१७४१ | २४८४५ | ७८.२७ | |
| ४७ | सन्नित्रिवेणी गा.पा. | कालिकोट | १३६०४ | ९३३२ | ६८.६० | |
| ४८ | खाँडाचक्र न.पा. | कालिकोट | १३२६६ | ७६४२ | ५७.६१ | |
| ४९ | रास्कोट न.पा. | कालिकोट | ५९४५ | २४७० | ४१.५५ | |
| ५० | तिलागुफा न.पा. | कालिकोट | २६१३९ | १६९१० | ६४.६९ | |
| **कालिकोट जिल्लाको जम्मा** | | | **१६३३७६** | **११४३०८** | **६९.९७** | |
| ५१ | खत्याड गा.पा. | मुगु | २७९८८ | १९५५१ | ६९.८५ | |
| ५२ | मुगुमकार्मरोङ्ग गा.पा. | मुगु | २०९९५२ | ४०९६८ | १९.५१ | |
| ५३ | सोरु गा.पा. | मुगु | ३६४२४ | २६५०० | ७२.७५ | |
| ५४ | छायानाथरारा न.पा. | मुगु | ४७८७४ | ३१६०९ | ६६.०३ | |
| **मुगु जिल्लाको जम्मा** | | | **३२२२३८** | **११८६२८** | **३६.८१** | |
| ५५ | बाफिकोट गा.पा. | रुकुमपश्चिम | १८९७२ | १०५४८ | ५५.६० | |
| ५६ | सानिभेरी गा.पा. | रुकुमपश्चिम | १३३२८ | ५३७९ | ४०.३६ | |
| ५७ | त्रिवेणी गा.पा. | रुकुमपश्चिम | ८५१९ | ४४७४ | ५२.५२ | |
| ५८ | आठबिसकोट न.पा. | रुकुमपश्चिम | ५५८३५ | ३४५६८ | ६१.९१ | |
| ५९ | चौरजहारी न.पा. | रुकुमपश्चिम | १०६९४ | ३९२७ | ३६.७२ | |
| ६० | मुसिकोट न.पा. | रुकुमपश्चिम | १३५५९ | ५८२१ | ४२.९३ | |
| **रुकुमपश्चिम जिल्लाको जम्मा** | | | **१२०९०७** | **६४७१७** | **५३.५३** | |
| ६१ | छत्रेश्वरी गा.पा. | सल्यान | १५०११ | ९८४१ | ६५.५६ | |
| ६२ | दार्म गा.पा. | सल्यान | ८११४ | ३२५८ | ४०.१५ | |
| ६३ | ढोरचौर गा.पा. | सल्यान | ८९०० | ५२२६ | ५८.७२ | |
| ६४ | कालिमाटी गा.पा. | सल्यान | ४९८५१ | ४०५७५ | ८१.३९ | |
| ६५ | कपुरकोट गा.पा. | सल्यान | ११८७५ | ७५४२ | ६३.५१ | |
| ६६ | कुमाखमालिका गा.पा. | सल्यान | १७६५८ | १०४०८ | ५८.९४ | |

| क्र.सं. | स्थानियतह | जिल्ला | जम्मा क्षेत्रफल (हे.) | वनको क्षेत्रफल (हे.) | वन प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| ६७ | त्रिवेणी गा.पा. | सल्यान | ११८६४ | ७५९६ | ६४.०३ | |
| ६८ | बाघचौर न.पा. | सल्यान | १६२५१ | ८४५३ | ५२.०२ | |
| ६९ | बनगाडकुपिन्डे न.पा. | सल्यान | ३३६७८ | २२७०९ | ६७.४३ | |
| ७० | शारदा न.पा. | सल्यान | १९७५३ | १२६६६ | ६४.१२ | |
| सल्यान जिल्लाको जम्मा | | | १९२९५५ | १२८२७४ | ६६.४८ | |
| ७१ | बराहताल गा.पा. | सुर्खेत | ४५२८० | ३६०८८ | ७९.७० | |
| ७२ | चौकुने गा.पा. | सुर्खेत | ३७८९७ | ३०२४७ | ७९.८१ | |
| ७३ | चिङ्गाड गा.पा. | सुर्खेत | १६९४१ | ९३८६ | ५५.४० | |
| ७४ | सिम्टा गा.पा. | सुर्खेत | २४०५९ | १६२७३ | ६७.६४ | |
| ७५ | भेरीगङ्गा न.पा. | सुर्खेत | २५४९९ | १८६७७ | ७३.२५ | |
| ७६ | बीरेन्द्रनगर न.पा. | सुर्खेत | २४३८० | १४४९८ | ५९.४७ | |
| ७७ | गुर्बाकोट न.पा. | सुर्खेत | २२७५९ | १२८२४ | ५६.३५ | |
| ७८ | लेकबेशी न.पा. | सुर्खेत | १८००९ | ९१७३ | ५०.९४ | |
| ७९ | पञ्चपुरी न.पा. | सुर्खेत | ३२८२० | २५०५४ | ७६.३४ | |
| **सुर्खेत जिल्लाको जम्मा** | | | **२४७६४४** | **१७२२२०** | **६९.५४** | |
| **प्रदेशभरीको जम्मा** | | | **३०६१७५२** | **११७७०३३** | **३८.४४** | |

(स्रोत : राष्ट्रिय वन स्रोत सर्वेक्षण २०१०-२०१४)

## २.४ कर्णाली प्रदेशमा व्यवस्थापनको आधारमा वनको विवरण

वन ऐन, २०७६ बमोजिम स्वामित्वको आधारमा वनलाई २ भागमा विभाजन गरिएको छ।

(क) राष्ट्रिय वन

(ख) निजी वन

### क) राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन सम्झनु पर्छ।

### ख) निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्दछ।

### वन संरक्षण क्षेत्र

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको, जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको, संरक्षित तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले प्रदेशस्थित वन हेर्ने मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सिमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रूपमा घोषणा गरिएको वनलाई वन संरक्षण क्षेत्र भनिन्छ। यस प्रदेशमा काक्रेबिहार वन संरक्षण क्षेत्र घोषणा भईसकेको छ। काक्रेबिहार वन संरक्षण क्षेत्र नेपालको पहिलो वन संरक्षण क्षेत्र पनि हो।

## काक्रेबिहार वन संरक्षण क्षेत्र

काक्रेबिहार वन संरक्षण क्षेत्र जैविक विविधता, वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक, प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण, जैविक मार्ग र सिमसार क्षेत्रको दृष्टिकोणले अति महत्वपूर्ण र संवेदनशील रहेको छ। काक्रेबिहार वन संरक्षण क्षेत्रको संक्षिप्त विवरण यसप्रकार दिईएको छ।

| वन संरक्षण क्षेत्रको संक्षिप्त जानकारी | | | |
|---|---|---|---|
| भौगोलिक अवस्थिति | | | |
| अक्षांस उत्तर २८° ३३' ३१.६७" देखि २८° ३४' २९.०६"<br>देशान्तर पूर्व ८१° ३६' ४२.२७" देखि ८१° ३७' ५२.०४" | | | |
| **चार किल्ला र सिमाना** | | | |
| पूर्बःबीरेन्दनगर नगरपालिका वडा नं. १० को थारु बस्ती नयाँगाँउ आवादि।<br>पश्चिमः बीरेन्दनगर नगरपालिका वडा नं. ९ को डाँडा (जब्दी र कालीमाटी) बस्ती<br>उत्तरः वीरेन्दनगर नगरपालिका वडा नं. ९ को कुन्टी गाँउ आवादी<br>दक्षिणःबीरेन्दनगर नगरपालिका वडा नं. १० कोपातलगंगा आवादी | | | |
| **भौगोलिक अवस्था** | | | |
| क्षेत्रफलः १७५ हेक्टर उचाई क्षेत्रः ६३० देखि ७५५ मिटर | | | |
| जैविक विविधता :- वनस्पतिः ५६ प्रजाति, जडीबुटीः४३ प्रजातिका, स्तनधारीः१४ र चराः ४१ प्रजाति | | | |
| **भु-उपयोगिताको अवस्थाः** | | | **सामाजिक तथा आर्थिक अवस्था** |
| भू-उपयोग किसिम | क्षेत्रफल (हे.) | प्रतिशत | प्रभावित नगरपालिकाः १ |
| घना वन | १५०.०८ | ८५.५१ | प्रभावित वडाः २ |
| घाँसे मैदान | ३.१० | १.७६ | प्रमुख जातजातिः ब्राह्मण, क्षेत्री, थारु, मगर आदि |
| झाडी बुट्यान | २०.२६ | ११.५४ | घरधुरी संख्याः ७४५२ |
| सिमसार क्षेत्र -तालतलैया) | ०.७६ | ०.४४ | |
| बगैचा क्षेत्र | १.३० | ०.७५ | जनसंख्याः २९७६९ महिलाः १५३७३ पुरुषः १४३९६ |
| कुल वन संरक्षण क्षेत्रको क्षेत्रफल | १७५ | १०० | परिवारको औसत आकारः ३.९९/ घरधुरी |
| प्रति हेक्टर मौज्दात | | | जनघनत्वः ३२२ जना प्रति वर्ग कि.मि. |
| विरुवा संख्याः ९७७६ | | | मुख्या पेशाः कृषि, पशुपालन, बैदेशिक रोजगारी, ब्यापार<br>साक्षरताः ७६.१७ प्रतिशत |
| पोल संख्याः: १६३५ | | | |
| पोल संख्याः ४९९ | | | |
| पोल संख्याः ७७ | | | मुख्य भाषाः नेपाली, थारु, मगर आदि |
| जम्मा मौज्दात/हे. २००.६३ घन मी. | | | तापक्रमः अधिकतम-४०° से, न्युनतम-३° से |
| हावापानीः उप-उष्ण | औषत वर्षाः १६३१ मि.लि. | | माटोः खैरो, सुखा, नरम र हलुका तथा रातो माटो |

(स्रोत :काक्रेबिहार वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना आ.व.२०८२/०८३-२०९१/०९२)

## सामुदायिक वन

सामुदायिक वन उपभोक्ता समूहले वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन तथा वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गर्ने र बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ। यस प्रदेशमा आ.व.२०८१ को अन्त्यसम्म २८४३ उपभोक्ता समूहलाई ३,६३,४५० हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको छ। सामुदायिक वन उपभोक्ता समूहमा २,४२,१३४ घरधुरी समावेश भएका छन्।

**तालिका नं : १ सामुदायिक वनको डिभिजनगत विवरण।**

| सि.न. | डिभिजन वन कार्यालय | संख्या | क्षेत्रफल | घरधुरी |
|---|---|---|---|---|
| १ | दैलेख | ३९९ | ३९१२१.६६ | ४९५०९ |
| २ | डोल्पा | ५४ | ११६८५ | ६०७१ |
| ३ | हुम्ला | ९८ | २७१८६ | - |
| ४ | जाजरकोट | ३१४ | ६००१४.२८ | ३२८८८ |
| ५ | जुम्ला | २०६ | २९५१३.९१ | - |
| ६ | कालिकोट | २०२ | १६४०६ | ६५३८ |
| ७ | मुगु | १०१ | ७४२२ | ११५१२ |
| ८ | रुकुम पश्चिम् | ३८६ | २०४३८.१३ | - |
| ९ | सल्यान | ६३० | ६४३७७.९९ | ६४२०८ |
| १० | सुर्खेत | २७८ | ५१९२८.७६ | २१४२२ |
| ११ | भेरी | १७५ | ३५३५६.५४ | ४९९८६ |
| | कुल जम्मा | २८४३ | ३६३४५० | २४२१३४ |

**कबुलियती**

डिभिजन वन कार्यालयले राष्ट्रिय वनको कुनै भाग गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणको लागि कार्ययोजना बनाएर वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम संचालन गर्न त्यस्ता समुदायको समूहलाई कबुलियती वनको रूपमा सुम्पन सक्ने प्रावद्यान अनुरूप यस प्रदेशमा गरिबीको रेखामुनी रहेका ७७५ समूहलाई ८८४३.८ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ।

**तालिन नं : २ गरिबका लागि कबुलियती वनको डिभिजनगत विवरण।**

| सि.न. | डिभिजन वन कार्यालय | संख्या | क्षेत्रफल | घरधुरी |
|---|---|---|---|---|
| १ | दैलेख | ६६ | ३९६.६८ | ७३९ |
| २ | डोल्पा | ६७ | ३०१.७३ | ८९० |
| ३ | हुम्ला | १२४ | २४२२ | - |
| ४ | जाजरकोट | ६७ | ५६९.८६ | ९८१ |
| ५ | जुम्ला | १२७ | १९१७ | - |
| ६ | कालिकोट | २६ | १४०० | ५८० |
| ७ | मुगु | २९ | ४१६ | ५०४ |
| ८ | रुकुम पश्चिम् | ६६ | ३२१.६३ | ६१३ |
| ९ | सल्यान | २०३ | १०९८.९ | १९१९ |
| १० | सुर्खेत | - | - | - |
| ११ | भेरी | - | - | - |
| | **कुल जम्मा** | **७७५** | **८८४३.८** | **६२२६** |

**धार्मिक वन**

डिभिजनल वन अधिकृतले परापूर्व काल देखिको धार्मिकस्थल र त्यसको वरिपरीको वनको संरक्षणको लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरपरको राष्ट्रिय वन धार्मिक वनको रूपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्ने प्रावधान अनुरूप हालसम्म यस प्रदेशमा ११९.०९ हेक्टर राष्ट्रिय वन क्षेत्र १६ वटा धार्मिक वन समूहलाई हस्तान्तरण गरिएको छ।

तालिका नं : ३ धार्मिक वनको डिभिजनगत विवरण।

| सि.न. | डिभिजन वन कार्यालय | संख्या | क्षेत्रफल | घरधुरी |
|---|---|---|---|---|
| १ | दैलेख | २ | ३.४४ | - |
| २ | डोल्पा | ३ | १७.६९ | २२९ |
| ३ | हुम्ला | १ | ६ | - |
| ४ | जाजरकोट | १ | ९.४६ | - |
| ५ | जुम्ला | - | - | - |
| ६ | कालिकोट | - | - | - |
| ७ | मुगु | - | - | - |
| ८ | रुकुम पश्चिम् | १ | ४ | २५ |
| ९ | सल्यान | १ | ४.४ | - |
| १० | सुर्खेत | ७ | ७४.१ | - |
| ११ | भेरी | - | - | - |
| **कुल जम्मा** | | १६ | ११९.०९ | २५ |

## निजी वन

प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई निजी वन भनिन्छ। यस प्रदेशमा २५.६२ हेक्टर वन क्षेत्र ६७ वटा निजी वनको रुपमा हस्तान्तरण गरिएको छ।

तालिका नं : ४ निजी वनको डिभिजनगत विवरण।

| सि.न. | डिभिजन वन कार्यालय | संख्या | क्षेत्रफल | घरधुरी |
|---|---|---|---|---|
| १ | दैलेख | - | - | - |
| २ | डोल्पा | - | - | - |
| ३ | हुम्ला | - | - | - |
| ४ | जाजरकोट | - | - | - |
| ५ | जुम्ला | ६ | ६ | - |
| ६ | कालिकोट | - | - | - |
| ७ | मुगु | १० | ४.६४ | १० |
| ८ | रुकुम पश्चिम् | - | - | - |
| ९ | सल्यान | ५१ | १४.९८ | ५१ |
| १० | सुर्खेत | - | - | - |
| ११ | भेरी | - | - | - |
| **कुल जम्मा** | | ६७ | २५.६२ | ६७ |

## २.५ कर्णाली प्रदेशको जैविक विविधता

जैविक विविधताको हिसावले कर्णाली प्रदेश एकदमै महत्वपूर्ण मानिन्छ। उचाइ र धरातलीय विविधताका कारण कर्णाली प्रदेशमा विविधतायुक्त हावापानी, जीवजन्तु र वनस्पति पाइन्छन्। यस प्रदेशमा २,५९१ प्रकारका फूलफुल्ने प्रजातिका वनस्पति, ४०० प्रकारका सुगन्धित वनस्पति तथा जडीबुटी र ८९ प्रकारका स्तनधारी वन्यजन्तु, ९ प्रकारका संवेदनशील वन्यजन्तु र ४१० प्रकारका पन्छीहरू

पाइन्छन् । प्रदेशको डोल्पा जिल्लामा अवस्थित शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा मात्र २ सय २४ भन्दा बढी प्रकारका सुगन्धित वनस्पति र जडीबुटी पाइन्छन् भने २ सय ७० प्रजातिका पन्छी र १ सय ७५ प्रजातिका वन्यजन्तुहरू पाईन्छन् । कस्तुरी मृग, हिमाली कालो भालु, ब्वाँसो, हाब्रे, हिउँ चितुवा, हिमाली भेडा च्याङ्ग्रा, निलभेडा, चितुवा, आदि यस प्रदेशका महत्वपूर्ण वन्यजन्तुहरू हुन् । विश्वका प्रमुख रामसार क्षेत्रहरू मध्ये दुई वटा महत्वपूर्ण क्षेत्र शे-फोक्सुण्डो र रारा ताल यसै प्रदेशमा पर्दछन् । नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो र सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा यसै प्रदेशमा अवस्थित रहेका छन् ।

| वनस्पति/वन्यजन्तु/अन्य महत्वपूर्ण क्षेत्र | नेपाल | कर्णाली प्रदेश | कर्णाली प्रदेश (%) |
|---|---|---|---|
| संरक्षित क्षेत्र | २० | २ | |
| चरा | ८९२ | ४१० | ४६% |
| स्तनधारी | २१२ | ८९ | ४२% |
| माछा | २३२ | ७५ | ३२% |
| घस्रने जीव | १२३ | १४ | ११% |
| उभयचर | ५८ | २५ | ४३% |
| पुतली | ६५१ | १४४ | २२% |
| रामसार क्षेत्र | १० | २ | |
| फुलफुल्ने प्रजातिका विरुवा | ६०७६ | २५९१ | ४२% |
| रेथाने फुलफुल्ने प्रजातिका विरुवा | ३१२ | ४७ | १५% |
| औषधिजन्य तथा सुगन्धित विरुवा (MAPs) | ७०० | ४०० | ५७% |
| चरा पाईने महत्वपूर्ण क्षेत्र | ४२ | ४ | |
| ठुलो खोला | कर्णाली खोला | कर्णाली खोला | |
| ठुलो ताल | रारा | रारा | |
| गहिरो ताल | फोक्सुन्डो ताल | फोक्सुन्डो ताल | |

*(Source; Biodiversity in Karnali Province: Current Status and Conservation, Karnali Province Government, MoITFE, Surkhet)*

### २.६ कर्णाली प्रदेशका संरक्षित क्षेत्रहरू

कर्णाली प्रदेशमा रारा राष्ट्रिय निकुञ्ज र से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज गरी दुई वटा राष्ट्रिय निकुञ्ज र बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको केही भाग समेत गरी ४ वटा मध्यवर्ती क्षेत्र यस प्रदेशमा पर्दछन् । कर्णाली प्रदेशको भू-भागको १७.२३ ५ भू-भाग संरक्षित क्षेत्रले (बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र बाहेक) ओगटेको छ ।

| सि.न. | संरक्षित क्षेत्रको नाम | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | मध्यवर्ती क्षेत्र क्षेत्रफल (वर्ग कि.मि.) | विशेषता |
|---|---|---|---|---|---|
| १ | रारा राष्ट्रिय निकुञ्ज | जुम्ला र मुगु | १०६ | १९८ | रारा ताल |
| २ | से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | डोल्पा र मुगु | ३५५५ | १३४९ | से फोक्सुण्डो ताल/हिउँ चितुवाको राम्रो बाँसस्थान |

*(Source : DNPWC, 2024)*




*(Source : DNPWC, 2024)*

## २.७ कर्णाली प्रदेशमा जलाधार क्षेत्र

नेपालका ४ बहृत नदि प्रणाली मध्ये कर्णाली नदि प्रणाली एक हो। यस नदि प्रणालीले ४१,३६० वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। यस नदि प्रणालीमा मुख्य कर्णाली नदि र भेरी नदि गरी दुई नदि प्रणाली रहेका छन्। कर्णाली नदि प्रणालीमा २७ र भेरी नदि प्रणालीमा ३० गरी कुल जम्मा ५७ जलाधार रहेका छन्।




चित्र नं : २ भेरी नदि प्रणालीको सब-बेसिन र जलाधार क्षेत्रहरू




चित्र नं : ३ कर्णाली नदि प्रणालीको सब-बेसिन र जलाधार क्षेत्रहरू

## २.८ कर्णाली प्रदेशमा चरा पाईने महत्वपूर्ण क्षेत्र

नेपाल जैविक विविधताले भरिपूर्ण देश हो। वनस्पति र वन्यजन्तुको विविधतासँगै यहाँ पाइने चराचुरुङ्गीको पनि विविधता छ। पछिल्लो तथ्याकंअनुसार नेपालमा ८९२ प्रजातिका चराचुरुङ्गी पाईन्छन्। नेपालमा ४२ वटा महत्वपूर्ण चरा पाईने क्षेत्र (Important Bird Area) भनी नेपाल पंक्षी संरक्षण संघले घोषणा गरेको छ। यी मध्ये यस प्रदेशमा ४ वटा महत्वपूर्ण चरा पाईने क्षेत्र (Important Bird Area) पर्दछन्।




चित्र नं : ४ कर्णाली प्रदेशका चरा पाईने महत्वपूर्ण क्षेत्र।

## २.९ नयाँ पर्यटकीय गन्तब्यहरुको सूचीमा परेका कर्णाली प्रदेशका पर्यटन गन्तब्यहरू

| क्र.स. | जिल्ला | पर्यटकिय गन्तब्यहरू |
|---|---|---|
| १ | सल्यान | कुपिण्डे दह |
| २ | डोल्पा | शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, त्रिपुरासुन्दरी धार्मिक पर्यटन क्षेत्र |
| ३ | जुम्ला | सिंजा सभ्यता, डुडुल स्तुपा (चैत्य) |
| ४ | हुम्ला | लिमी उपत्यकाका पर्यटकीय स्थलहरू |
| ५ | मुगु | राराताल, रारा-फोक्सुण्डोताल पदयात्रा मार्ग |
| ६ | कालिकोट | पचाल झरना |
| ७ | जाजरकोट | खलंङ्गा दरबार क्षेत्र |
| ८ | दैलेख | पंचकोशी पर्यटन क्षेत्र (धार्मिक पर्यटन), कोटगढी-पंचदेवल-बेलासपुर महाबु पर्यटन क्षेत्र |
| ९ | सुर्खेत | काँक्रे बिहार, देउती बज्यै, मदन आश्रित पार्क, जजुरादह, पंचपुरी नगरपालिका ८ र ९ वडा (गुसी ताल, मादले गुफा, शिव गुफा), गिद्धे डाँडा पर्यटन क्षेत्र |
| १० | रुकुम पश्चिम् | गोतामकोट चित्रिपाटन साहसिक पदमार्ग |

(स्रोत : सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, २०१९)

# भाग-३

## ३. काठ, दाउरा, जडिबुटी, वन डढेलो, वन अतिक्रमण, राहत वितरण, बेरुजु, वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईएको विवरण

### ३.१ वन विकास संरक्षण र उत्पादन सम्बन्धी आ.व २०८१।०८२ को बार्षिक प्रगती विवरण

| सि नं | विवरण | जम्मा | डिभिजन वन कार्यालय/ भू तथा जलाधार व्यवस्थापन कार्यालय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुर्खेत | भेरी | सल्यान | दैलेख | जाजरकोट | मुगु | कालिकोट | डोल्पा | जुम्ला | हुम्ला | रुकुम पश्चिम |
| १ | काठ उत्पादन (क्यु. फिट) | ४०१७१२.९ | | | | | | | | | | | |
| | सामुदायिक वन | २६७३३३.८७ | ५८८८६.७ | ६५१३४.५२ | ३२३७५.८ | १०२०६.७ | ५२३८६.२५ | २६४७८.३६ | १८०.२६ | ८१४०.२१ | | १३५४५ | ० |
| | राष्ट्रिय वन | ११७८०.१३ | २६९५.७१ | ४७७५.५३ | ३८४३.८८ | | | ४६५.०१ | ० | | | ० | ० |
| | निजी वन | १२२५९८.९ | १८९०३.८ | ३२११.७९ | ४६२५७.९ | १८२७०.३ | ३४०६.४२ | ० | ३०६.६६ | | | ० | ३२२४२ |
| २ | उत्पादित काठ विक्री (क्यु. फिट) | २९३२७३.२ | | | | | | | | | | | |
| | सामुदायिक वन | १५८८९४.१७ | ७३५२.५९ | ६५१३४.५२ | ३२३७५.८ | १०२०६.७ | २७८२५.३१ | ० | | ८१४०.२१ | | ७८५९ | ० |
| | राष्ट्रिय वन | ११७८०.१३ | २६९५.७१ | ४७७५.५३ | ३८४३.८८ | | | ४६५.०१ | | | | | ० |
| | निजी वन | १२२५९८.९ | १८९०३.८ | ३२११.७९ | ४६२५७.९ | १८२७०.३ | ३४०६.४२ | ० | ३०६.६६ | | | | ३२२४२ |
| ३ | दाउरा उत्पादन (चट्टा) | ४९३.८९ | | | | | | | | | | | |
